# बाइबलीय प्रवचन

# BIBLICAL SERMON

BY REV. DR. MANGAL MAN MAHARJAN

वर्ष ११, अंक ११

११

Yr. 11, Vol. 11

**१ तिमोथीको पुस्तक**

**३:१४ देखि ६:१० सम्म**

१. मण्डलीमा सत्यतालाई सुरक्षित राख्न निर्देशनहरू

२. मण्डलीका विभिन्न उमेरका मानिस झुण्डहरूलाई शिक्षा

३. एल्डरहरूको बारेमा केही शिक्षा

४. झुटा शिक्षकहरू बारे जानि राख्नु पर्छ





# यो बाइबलीय प्रवचनको आवश्यकता किन?

बाइबल आफैमा एउटा स्पष्ट र सिद्ध धर्मशास्त्र हो, जसका बारेमाबा धेरै व्याख्या विश्लेषण गरिरहनु आवश्यक पर्दैन। तर यो जतिको सरल र स्पष्ट छ, त्यतिकै विशाल अनि बुझ्नलाई कठिन पनि छ। यस बाइबलको बारेमा बुझ्न र बुझाउन धेरै मानिसहरूले आफ्नो जीवनको अधिकांश समय बिताएका छन्। नेपालमा पनि अहिले परमेश्वरको अनुग्रहले प्रशस्तै बाइबल स्कुल र कलेजहरू स्थापना भएका छन् र त्यहाँ पनि बाइबलकै बारेमा सिकाउने काम गरिन्छ। यो बाइबल बुझ्न सक्ने र यसका बारेमा बुझेर शिक्षा दिने मानिसहरूको भने नेपालका ख्रीष्टियन मण्डलीहरूमा धेरै नै कमि देखिन्छ। एकातिर दिन प्रतिदिन मण्डलीहरू बृद्धि हुँदैछन् भने अर्कोतिर बाइबलको शिक्षालाई बिगारेर आफ्नो मनपरी शिक्षा सिद्धान्त सिकाउने व्यक्तिहरूको प्रतिवाद गरी आफ्ना विश्वासीहरूलाई सही मार्गमा डोऱ्याउने पास्टर अगुवाहरूको पनि कमि नै छ भन्दा अतियुक्ति नहोला। वचनको सेवकाइ गर्ने इच्छा, बोझ दर्शन भएका विश्वासीहरू थुप्रै छन्। तर त्यसलाई ठीक प्रकारले सिकाउन सक्ने व्यक्तिहरू भने हाम्रा मण्डलीहरूमा एकदमै कम मात्रामा पाइन्छन्। कति विश्वासीहरूलाई बाइबलीय प्रवचन कसरी तयार गर्ने भन्ने तौर तरीका पनि थाहा छैन। मण्डलीमा भएका वचनका सेवकाइ गर्न इच्छा राख्ने अगुवाहरूलाई केही हदसम्म भए पनि सिकाउन सक्षम बनाई विश्वासीहरूको आत्मिक खाँचोलाई पूरा गर्ने यो बाइबलीय प्रवचनको मुख्य उद्देश्य हो। कतिपटक हामीले सुनेका वचनहरू कालान्तरमा विर्सन सक्छौं। तर हामीसँग लिखित प्रवचन छ भने विभिन्न समयमा त्यसलाई हेर्न सकिन्छ र अरुलाई पनि यसबाट सिकाउन सक्छौं। यसकारण पनि यस प्रकारको लिखित बाइबलीय प्रवचनको खाँचो भएको महसुस गरिएको हो र विभिन्न मण्डलीहरूका सम्पूर्ण सेवक-सेविकाहरू यसबाट लाभान्वित हुनुहुनेछ। यसले यहाँहरूको आत्मिक उन्नति र वचनको सेवकाइमा धेरै नै सहायता पुऱ्याउने छ भन्ने विश्वासकासाथ यहाँहरू समक्ष प्रस्तुत प्रवचन लिएर उपस्थित भएको छु।

यो प्रवचन मण्डलीका सम्पूर्ण विश्वासीहरूका लागि पनि हो र विशेष गरी वचनको सेवकाइ गर्ने पास्टर-अगुवाहरूका लागि हो। यो हाम्रा मण्डलीहरूको आत्मिक खाँचोलाई पूर्ति गर्न सहयोगी बनोस् भनेर तयार गरीएको हो। यसकारण सबै मण्डलीका पास्टर अगुवाहरूले यस प्रवचनलाई कुनै संकोच नमानी चलाउन सक्नुहुनेछ। यस अघिका सबै प्रवचनहरू पाइरहनु भएकै होला भन्ने विश्वास लिएको छु। केही सल्लाह सुझाव भएमा पठाउन नभुल्नुहोला। अब यो प्रवचन एघारौ बर्षको अंक ४ मा आइपुगेको छ र यसको निरन्तर प्रकाशनको लागि यहाँहरूले प्रार्थना गरीदिनुहोला, धन्यवाद।

*पास्टर मंगलमान महर्जन*


**क्वाइनोनिया पाटन ख्रीष्टिय मण्डली**
**KOINONIA PATAN CHURCH**
पोष्ट बक्स नं. २४१५, काठमाडौं, नेपाल।
P.O. Box No. 2415, Kathmandu, Nepal
Tel.: +977-01-5433842, 01-5433564; E-mail: patanchurch@gmail.com

# १. मण्डलीमा सत्यतालाई सुरक्षित राख्न निर्देशनहरू
# Command to keep its truth within the church

(१ तिमोथी ३:१४–४:१६; 1 Timothy 3:14-4:16)

## १. **मण्डली र यसको सत्यता** (३:१४–१६)
## Church and its truth (3:14-16)

३:१४ पदमा "तिमीकहाँ चाँडै आउने" भन्ने कुराले हामी बुझ्छौं कि पावलले तिमोथी एफिससमा सेवकाइ गर्न छोडेको थियो (१:३) । पावलले फेरि तिमोथीसँग चाँडै नै भेट्ने आशा व्यक्त गरेको छन् । तर नभेटुन्जेलसम्म अथवा यदि ढिलो भयो भने मण्डलीको विषयमा केही निर्देशनहरू अहिले दिइराख्छु भनी पावलले यहाँ लेख्न लागेका छन् । एफिससको पास्टर र मण्डलीका मानिसहरूलाई यी तलका केही सल्लाहहरू दिएका छन् । मेरो विचारमा त्यो निर्देशनहरू माथि लेख्दै गरेको र अब तल लेख्दै गरेको सल्लाहका कुराहरू हुन् । ३:१५ यो मण्डली निर्देशनको मुख्य उद्देश्यचाहिँ एफिससका मण्डली विश्वासीहरूलाई परमेश्वरका जनहरू कसरी व्यावहारिक जीवन जिउनुपर्छ भन्ने विषयमा हो । यहाँ पावलले मण्डलीलाई (Ekklesia) परमेश्वरको घर (Oikos) अथवा घराना (Household) सँग जोडेका छन् । ग्रिक ओइकस (Oikos) घराना नै मण्डली विश्वासी हो भनिरहेका छन् ।

मण्डली घराना (Oikos), जो मण्डली विश्वासीहरू (Ekklesia) नै सत्यताको खामा र जग हो । यो सत्यता र जगमा कसरी चल्नुपर्छ सो हामीले जानिराख्नुपर्छ । मण्डलीमा नै परमेश्वरको वचन जुन सत्य हो, प्रचार गरिन्छ । कसै ले पनि सत्य चिन्न र बुझ्न सक्दैन जब सम्म मानिसले वचन सुन्दैन । वचन सुन्न मण्डली जानुपर्छ । मण्डलीमा परमेश्वरको सत्य वचन प्रचार गरिन्छ । र विश्वासीले आफ्नो ख्रीष्टियन व्यवहार, जीवन, चरित्र र स्वभाव (चालचलन) देखाउनुपर्छ र गवाही दिनुपर्छ । मण्डली विश्वासीहरू नै अथवा बिश्वव्यापी मण्डली एक सत्यको समर्थक र प्रचारक हो । ख्रीष्टले मण्डली आफ्नो सत्यताको

जगमा बसाल्नुभएको हो । सत्यको श्रोत नै त होइन तर सत्य चिनाउने माध्यम हो । सत्यको श्रोत परमेश्वर आफैं हुनुहुन्छ ।

३ः१६ मा भनिएको रहस्य ठूलो छ । माथिसम्म पावल ईश्वरीय भक्तिपूर्ण व्यवहार, चालचलन वा ख्रीष्टियपन स्वभाव बारे छलफल गरिँदै थिए । हाम्रो व्यवहार सत्यतामा हुनुपर्छ । ठिक शिक्षा-सिद्धान्तसँग हाम्रो व्यवहार मिल्नुपर्छ । हाम्रो जीवन व्यवहार बाइबलीय शिक्षा सिद्धान्तसँग बाभिने खालको हुनुहुँदैन । यहाँ १६ पदमा पावलले एउटा सरल विचार प्रकट गरेको छ तर धेरै कुरा एकै ठाउँमा रहेकोले बुझ्न गाह्रो पनि हुन्छ । पावल भन्छन्, "विनाविवाद हामी मान्दछौं कि, भक्तिको रहस्य महान् छ ।" यसको अर्थ पहिले लुकिएको थियो तर अहिले प्रकट भएको छ ।

*क) येशू शरीरमा प्रकट हुनुभयो (Jesus incarnated in flesh.)*

रहस्यको कुरा जुन प्रकट भएको छ, त्यो हो ख्रीष्ट "शरीरमा प्रकट हुनुभयो ।" यसको परमेश्वर ख्रीष्ट (मसिह) शरीरमा जन्म लिनुभयो वा अवतार लिनुभयो (Incarnated) ।

*ख) उहाँ आत्मामा धर्मी ठहरिनुभयो*
*(He became righteous in the Spirit.)*

"उहाँ आत्मामा धर्मी ठहरिनुभयो" जसको अर्थ हुन्छ कि ख्रीष्ट येशूलाई मृत्युबाट बौरी उठाएर उहाँ सत्य र धर्मी प्रमाणित गर्नुभयो (प्रेरित २ः२४-३६) । पवित्र आत्माको शक्तिले ख्रीष्ट येशूलाई बौरी उठाउनुभयो । येशू ख्रीष्टको बौरी उठाइबाट यो प्रमाणित हुन्छ कि ख्रीष्ट येशू साँच्चै प्रभु र मसिह हुनुहुन्छ, पुरानो नियममा उहाँको विषयमा प्रशस्त भविष्यवाणीहरू भएका थिए ।

*ग) स्वर्गदूतहरूबाट देखिनुभयो (He appeared through angels.)*

"स्वर्गदूतहरूबाट देखिनुभयो" को मतलब ख्रीष्ट येशूको उच्चता स्वर्गमा समेत स्वर्गदूतहरूले देखे (फिलिप्पी २ः९-११; कलस्सी २ः१५; हिब्रू १ः६) ।

*घ) जातिजातिहरूमा प्रचारिनुभयो*
*(He was preached among nations)*

“जातिजातिहरूमा प्रचारिनुभयो ।” उहाँ हरेक जाति र भाषामा संसारको सबै देशमा प्रचारिएको छ । उहाँ नै मुक्तिदाता, उद्धारकर्ता र पापक्षमा दिने व्यक्ति हुनुहन्छ (कलस्सी १:२३) ।

*ङ) उहाँलाई संसारभरि विश्वास गरियो*
*(He was accepted in the whole world)*

“उहाँलाई संसारभरि विश्वास गरियो” । दिनका दिन सबै संसारमा उहाँको प्रचार बढ्नुका साथै विश्वास गर्नेहरू पनि बढ्दै गइरहेका छन् । परमेश्वरको मुक्तिको योजना पूरा हुँदैछ । आज संसारमा सबभन्दा बढी अरू धर्मावलम्बीहरूको तुलनामा ख्रीष्टियनहरूको सङ्ख्या बढी छन् ।

*च) महिमामा माथि उचालिनुभयो (Raised in glory)*

“महिमामा माथि उचालिनुभयो ।” जसको अर्थ हुन्छ मृत्युपछि बौरी उठ्नुभयो र स्वर्ग जानुभयो (एफिसी ४:१०) । हामी प्रेरितको पुस्तकमा सफासँग पढ्छौं कि येशू ख्रीष्ट बौरी उठ्नुभएपछि उहाँ ४० दिनसम्म पृथ्वीमा आफूलाई जीवत प्रमाण गर्दै बस्नुभयो । अनि मात्र उहाँ स्वर्गमा जिउँदो उचालिनुभयो (स्वर्ग जानुभयो) ।

यी सबै कुराहरू पनि सत्यता हुन् । यी कुराहरू पावल नआए पनि पत्रबाट थाहा दिएका सत्यताहरू एफिससको मण्डलीका विश्वासीहरूले बुझिराख्नु पर्‍यो र पालना गर्नुपर्‍यो ।

## २. **विश्वासीहरू पतित हुन सक्ने सङ्केत** (४:१–५)
**Believers may be backslide (4:1-5)**

**पद** १ - झुटो शिक्षकहरूले कसरी विश्वासीहरूलाई बहकाउनेछन् भन्ने बारेमा मण्डली सतर्क र होसियारी हुनुपर्छ र उनीहरूको चलाखीपन थाहा पाएर आफ्ना मानिसहरूलाई सिकाइराख्नुपर्छ । सत्यका शत्रुहरू झुटो शिक्षकहरू नै हुन् । यी शत्रुहरूबारे परमेश्वरको वचनमा हामीलाई बारम्बार पावलले, येशू प्रभुले (मर्कुस १३:२२), पत्रुसले (१ पत्रुस ४:१-१८; २ पत्रुस ३:१-१८; यहूदा १७-१८) झुटो शिक्षकहरू आउने र शिक्षा दिने अनि बहकाउने बारेमा भनेका छन् र लेखेका छन् । पावलले प्रेरित २०:२९ र २ थेस्लोनिकी २:१-१२ मा पनि दोहोर्‍याइतेहर्‍याइ

लेखेको वा सिकाएको पाइन्छ । यहाँ पावलले लेख्छ कि “पवित्र आत्मा प्रष्टै भन्नुहुन्छ, कि पछि आउने समयमा बहकाउने आत्मा र भुतात्माहरूका सिद्धान्ततिर मन लाएर कोही विश्वासबाट पतित हुनेछन् ।” पावलले भविष्यमा वा आउने समयमा भने पनि उनको समयमा पनि झुटो शिक्षकहरू देखा परिसकेको थियो र झुटो शिक्षा फैलाइरहेको थियो । आत्मिक भुल हुने कुराहरू धेरै जसो निर्दोष प्रकारले भुल गरेर नै हो । यस्तो भुल सच्याउन सकिने तर कति वा सबै झुटो शिक्षाहरू जानीबुझी नै, मनसाय लिएर नै शैतानको पक्षमा नै लागेर अरूलाई बहकाउने र बाइबललाई भुलमा पार्न योजना बनाएर नै सिकाउँछन् (एफिसी ६:१२) । भुतात्मा, दुष्टआत्मा मान्नेहरूको शिक्षा सिद्धान्त भुलपूर्ण हुन्छ । किनभने भुतात्मा, दुष्टात्मा शैतानका दूतहरू हुन् ।

अहिले नेपालमा धेरै झुटो शिक्षाहरू आएका छन् । झुटो शिक्षकहरू काठमाडौंमा घरघरमा घुमेर नयाँ विश्वासीहरूलाई आक्रमण गर्दैछन् । उनीहरूले बाइबलीय शिक्षाको सुसमाचारको विपरित अन्य सुसमाचार सुनाउँदै मगज धुलाइ (Brain Wash) गर्ने काम गर्दै हिँडिरहेका छन् ।

अहिले नेपालमा मण्डलीहरूलाई दुःख दिने झुटो शिक्षकहरूमध्येका अति नै बाइबलीय शिक्षाको विपरितमा सिकाउनेहरू यसप्रकार छन् :

क) “चर्च अफ गड” भन्ने झुटो शिक्षा, जोहरूले निस्तार चाडको भोज प्रभुभोजसँग तुलना गरी वा मिलान गरी सिकाउने शिक्षा हो । यिनीहरूले प्रभुभोज भनेको निस्तार चाड हो, यो वर्षको एक पल्ट मात्र गर्नुपर्छ त्यो पनि यहूदी क्यालेन्डरअनुसार मिलान गरी १४ गतेको दिनमा मात्र मान्नुपर्छ भनेर सिकाउँछन् । प्रभु येशूको मासु र रगत खाएपछि मात्र मुक्ति पाउँछ भनेर सिकाउँछन् । विश्वासबाट मात्र मुक्ति पाउँदैन, त्यसमा काम थप्नुपर्छ याकूबको पत्रबाट “कामविनाको विश्वास मरेतुल्य हुन्छ” भन्ने पद देखाउँछन् । विश्वासमा काम थप्नु भनेको निस्तार चाड मान्नु हो भनेर जोड दिन्छन् । “चर्च अफ गड” झुटा शिक्षा नभएको पनि छ । त्यसकारण सत्य शिक्षा सिकाउने “चर्च अफ गड” पनि छन् । नाम एकै भएका छन् । शिक्षाबाट चिन्नु पर्ने हुन्छ ।

यिनीहरूले भन्दाचाहिँ बाइबलअनुसार र बाइबलमा भनेको मात्र मान्नुपर्छ भन्छन् तर बाइबलको सयौं पद र खण्डहरू भने मान्दैनन् । विश्वासबाट मुक्ति पाउने पदहरू, खण्डहरू ठाडै इन्कार गर्छन् (यूहन्ना १:१२; ३:१५-१६;

५:२०; एफिसी २:८-९; हिब्रू ११:६ अनि रोमीको र गलातीको सम्पूर्ण पुस्तकहरू) । "चर्च अफ गड" निस्तार चाड मान्नुपर्छ भन्नेहरू अति धूर्त र दुष्ट छन् । ख्रीष्टमस मान्दैनन् ।

ख) त्यस्तै "जेहोवाज विटनेसहरू" छन्, जोहरू यहवा मान्नुपर्छ, येशू ख्रीष्टलाई मान्नुपर्दैन, येशू ख्रीष्ट एक सृष्टि मात्र हुन् भनेर सिकाउँछन् । यिनीहरू पनि त्रिएक परमेश्वरलाई मान्दैनन् । ख्रीष्टमस मान्दैनन् । येशू ख्रीष्टको ईश्वरत्वलाई ठाडै इन्कार गर्छन् । यिनीहरू पनि अति धूर्त र दुष्ट छन् । घरघर घुमेर नयाँ-नयाँ विश्वासीहरूलाई मगजधुलाइ (Brain Wash) गर्छन् । त्यसकारण सुरुबाट नै विश्वासीहरूलाई झुटो शिक्षाको बारेमा विस्तृत जानकारी दिनुपर्छ ।

ग) "चर्च अफ ख्रीष्ट = क्राइष्ट (Church of Christ)" पनि नयाँ विश्वासीहरू खोज्दै हिँड्छन् । यिनीहरूचाहिँ फेरि ख्रीष्ट मात्र र त्यसमा काम गर्नुपर्छ भनेर याकूबको पत्रबाट "काम विनाको विश्वास मरेतुल्य हुन्छ" भन्ने उदृत गर्छन् । उनीहरूकै चर्चमा मात्र मुक्ति छ, अन्त कुनै चर्चमा छैन भनेर सिकाउँछन् । उनीहरूकै चर्चमा मुक्तिको निम्ति बप्तिस्मा लिनुपर्छ । स्तुति प्रशंसा गर्नुपर्दैन र बाजा बजाएर आराधना गर्नुहुँदैन भनेर सिकाउँछन् । यिनीहरू धूर्त र दुष्ट छन् । यस्तै झुटो शिक्षाहरू बारे जान्न चाहनुहुन्छ भने मैले लेखेको पुस्तक किनेर पढ्नुस् र तपाईंले धेरै झुटो शिक्षाहरूको बारेमा सिक्न सक्नुहुनेछ । संसारमा धेरै किसिमका झुटा शिक्षाहरू छन् । यहाँ सबै बयान गर्न असम्भव छ ।

**पद** २: परमेश्वरका आत्मिकी शत्रुहरूले वा झुटो शिक्षकहरूले सिधै विश्वासीहरूलाई हमला गर्दैन । राम्रो जस्तो भएर कपटीपनमा झुटो बोल्छ (Hypscritical liers = Hypocrisy) वा छल गरेर झुक्याएर परमेश्वरको सत्यताबाट तर्काएर लान्छ । यो शैतानको काम गर्ने तरिका हो । पावलले २ कोरिन्थी ११:१३-१५ मा यसरी भन्छन्, "किनकी त्यस्ता मानिसहरू झुटो प्रेरितहरू र छली काम गर्नेहरू हुन् र ख्रीष्टका प्रेरितहरूको भेष लगाएर हिँड्नेहरू मात्र हुन् । र यो कुनै अचम्मको कुरा होइन, किनभने शैतानले पनि ज्योतिर्मय स्वर्गदूतहरूको भेष धारण गर्छ । यसकारण यो कुनै अनौठो कुरा होइन्, कि त्यसका दासहरूले पनि धार्मिकताका दासहरूको रूपमा आफ्नो भेष बदल्छन् । तिनीहरूको अन्त्य तिनीहरूका कामअनुसार हुन्छ ।

ती मानिसहरू सत्यलाई लिन नसक्ने कठोर भएका छन् । तिनीहरूका विवेक-सोचाइ तातो फलामले दामेको जस्तो भएको छ । उदाहरणः चोरलाई हातमा, शरीरमा चोर हो भनेर सबैलाई थाहा दिन र पछिसम्म कहिल्यै पनि नमेटिने गरी फलाम तताएर डाम्ने चलन थियो र अहिले पनि छ कति ठाउँहरूमा । यी झुटो शिक्षकहरूको मगज-विवेक-सोचाइमा त्यस्तै प्रकारले तातो फलामले (शैतानिक झुटो शिक्षाले) डामेको छ । त्यसकारण उनीहरू एकोहोरिन्छन् र अरूका कुराहरू बाइबलको सत्यता मान्न तयार हुँदैन । फलामले डामेको दाग, छाप कहिल्यै पनि जाँदैन । त्यो नमरून्जेल दाग रहिरहन्छ । यस्तो समयमा उनीहरू शैतानले अह्राएका जे पनि काम गर्न तयार हुन्छन् ।

**पद ३** : एफिससको मण्डलीमा पछि आउन सक्ने झुटो शिक्षाहरू बारे पावलले अगाडि नै जानकारी दिइरहेका छन् । कोही झुटो शिक्षकहरूले विवाह गर्न रोक्नेछ भने कसैले खानलाई मनाही गर्छन् । उनीहरूको (झुटो शिक्षकहरूको) विचारमा यौन सम्बन्ध राख्नु पापको काम हो भन्ने सोच्थे र ब्रम्हचार्य बस्नुपर्छ भनी सिकाउँछन् । चर्च इतिहासमा पनि हामी पढ्छौं कि कसरी मानिसहरू पवित्र रहने भनेर संसारबाट अलग भएर एकान्त वास बस्न जाने, परिवारबाट अलग बस्ने चलन थियो । उनीहरूको विचारमा आत्मा असल छ तर तत्वहरू, भौतिक कुराहरू खराब वा दुष्ट छन् । खाने, पिउने, यौन सम्बन्ध राख्नु सबै खराब हुन् भन्ने पनि झुन्ड थिए र छ; त्यो झुन्डलाई नास्तिक (Gnostics) भनिन्छ ।

पावल यहाँ बुझाउन चाहेको कुरा छ कि संसार पनि उहाँले बनाउनुभएको हो । त्यसकारण जसले विश्वास गर्छन् र यो सत्यतालाई चिन्छ । तिनीहरूले परमेश्वरले सृष्टि गर्नुभएको तत्वलाई धन्यवादी साथ स्वीकार गर्छन् । कुनै पनि सृष्टिका कुराहरू खराब छैन । उहाँले सृष्टि गर्नुभएको सबैथोक असल छन् ।

**पद ४**: पावलले भन्छन् कि यदि यी धन्यवादसाथ ग्रहण गरे कुनैपनि नराम्रो छैन र इन्कार गर्नुपर्दैन । परमेश्वरले सृष्टि गर्नुभएका सबैथोक असल छन् । किनभने, उत्पत्ति १ः३१ ले सृष्टि असल छ भन्ने कुरा परमेश्वर आफैंले भन्नुभएको छ । परमेश्वरले असल भन्नु भएको कुरालाई हामी को हौं र ती कुरालाई इन्कार गर्ने ? त्यसकारण कुनै कुरालाई तपाईं हामीले शङ्का गर्नुपर्दैन । धन्यवाद दिएर खान सकिन्छ, तर शरीरलाई बिगार्ने, परमेश्वरलाई महिमा नदिने चीज भने

खानुहुँदैन । खासमा भन्ने हो भने खानेकुराले हाम्रो मुक्तिमा केही असर वा प्रभाव पार्दैन । सबै खानेकुरा परमेश्वरले नै सृष्टि गर्नुभएको हो । त्यसकारण सबै पवित्र छन् । त्यसलाई धन्यवादसाथ खाने मात्रा मिलाएर खानुपर्छ । कुनै पनि खानेकुरा चाहेको भन्दा बढी (Gluttony) खानुहुँदैन । यस्तो कुराचाहिँ इन्कार गर्नुपर्छ ।

**पद ५**ः हेर्दा साधारण देखेको चीजबिज, थोकहरू खानेकुराहरू जब हामी प्रभुलाई धन्यवाद दिएर लिन्छौं ती कुराहरू पवित्र र चोखो हुन्छ । परमेश्वरको वचनले सबै थोक पवित्र हुन्छ । परमेश्वरको वचनको अध्ययनको आधारमा परमेश्वरले दिनुभएको सबैथोकहरूका लागि धन्यवाद दिएर हामीले लिँदा सबैथोक विशेष हुन्छ ।

### ३. **प्रभु येशू ख्रीष्टका असल सेवकहरूको जिम्मेवारीहरू** (४:६–१६) **Responsibilities of Good Servants of Jesus Christ. (4:6-16)**

**पद ६** : पावल यहाँ भन्छन् कि, माथिका कुराहरू चर्च सदस्यहरूलाई अथवा ख्रीष्ट विश्वासीहरूलाई सम्भना गरायौं भने असल सेवक हामी हुनेछौं । पावलले तिमोथीलाई सल्लाह, अर्ती दिइरहेका छन् । यो चेतावनी मण्डलीहरूलाई दिन उत्साह पावलले दिइरहेका छन् । ख्रीष्टको असल सेवकको गुण एउटा आफूले सिकेको कुरा अरू चेलाहरूलाई पनि सिकाइदिनु हो । हामी सबैलाई थाहा छ, कि अरूलाई सिकाउन पहिला आफैं सिक्नुपर्छ । आफैं आत्मिक खुराकहरू पहिला खानुपर्छ । विश्वासको सत्यताहरू वा सिद्धान्तहरू जुन हामी विश्वासीहरूलाई परमेश्वरले सुम्पिनुभएको छ (यहूदा ३) । हामीलाई परमेश्वरको सत्यता, सुसमाचार, शिक्षा-सिद्धान्तलाई थामिराख्नु र बचाइराख्नुपर्छ । तिमोथीलाई पावलले सिकाएको असल शिक्षा-सिद्धानतलाई अनुशरण गरी अरूलाई पनि सिकाउनुपर्ने अर्ती दिइरहेका छन् ।

**पद ७** : तिमोथीले परमेश्वरको सत्यता अरूलाई ठिक समयमै वा सुरुबाट नै सिकाउनुपर्छ र भुटो शिक्षाहरूबारे पनि ख्रीष्ट येशूलाई विश्वास गर्नेहरूलाई सिकाउँदै जानुपर्ने कुरा पावलले अर्ती दिइरहेका छन् । असल ख्रीष्टको सेवकहरूले दन्त्य कथाहरू र बुढाबुढीको गफाडी कथाहरू इन्कार गर्नुपर्छ । काम नलाग्ने, बेकारको ईश्वरविहिन शिक्षालाई इन्कार गर्नुपर्छ । त्यसको सट्टामा तिमोथी साथै हामी प्रभुका सेवकहरू आफैंलाई भक्तितर्फ साधना गर्नुपर्छ वा

तालिम गर्नुपर्छ । पावलले यहाँ खेलको चित्रण वा सम्झना आउने शब्द "आफैँलाई भक्तिमा तालिम देऊ" भन्ने चलाएको छ । "तालिम देऊ" ग्रिक शब्दमा यो gumnaze बाट अङ्ग्रेजी शब्द Gymnasium आएको हो । यहाँ तिमोथीको तालिम तौल उचाल्ने काम - आफूलाई ईश्वरीय भक्तिको तालिम दिने हो । यो आत्मिक सुसज्जित बन्ने कुरा हो । खेलाडिको वा खेलको उपमाले आत्मिकी अनुशासन र नियम र कडा परिश्रम बुझ्न धेरै सहायता गर्छ (१ तिमोथी २:२; १ कोरिन्थी ९:२४-२७) । हाम्रो जीवन ईश्वरीय भक्ति तर्फ छ भने वा आत्मिकी छ भने अरूलाई भन्न वा सिकाउन सजिलो हुन्छ । तर आफ्नो जीवन भक्तिपूर्ण छैन वा आत्मिकी छैन भने अरूहरूलाई भन्न वा सिकाउन सकिंदैन, किनभने हाम्रो जीवनलाई उनीहरूले हेरिरहेको हुन्छ र हाम्रो सिकाइमा धोंगीपन, कपटीपन देखिन्छ र कुरा सुन्दैनन् वा मान्दैनन् ।

**पद ८** : पावलले यहाँ आत्मिकी भक्तिको तालिम शारीरिक भन्दा महान् र यसको महत्व बढी छ भनेर तिमोथीलाई सम्झाउँदै छन् । "किनभने शारीरिक तालिम केहीसम्म लाभको हुन्छ, तर ईश्वर भक्तिचाहिँ हरप्रकारले लाभदायिक हुन्छ, किनकि यसमा वर्तमान र भविष्य जीवन दुवैको प्रतिज्ञा रहेको हुन्छ ।" यो जानेर हामी सबैले पनि अनुशासित भई आत्मिक तालिम लिनुपर्छ । यो ईश्वर भक्ति तालिम क्षेत्रका लागि अति आवश्यक छ र महत्वपूर्ण छ । शारीरिक स्वास्थका लागि त मानिसहरू कति व्यायाम गर्छन्; खेलमा जित्नका लागि त कति अनुशासित भई व्यायाम र तालिम लिन्छन् भने हाम्रो अनन्तको इनामको निम्ति ईश्वरीय भक्तिको तालिम लिनु अति धेरै खाँचो छ । भविष्यको इनामको आशा राखी भक्तिको तालिम लेऊँ र धारण गरौं ।

**पद ९** : यो भनाइ र शिक्षा निश्चित र सम्पूर्णरूपले ग्रहणयोग्य छ । यसको अर्थ हुन्छ कि यो भनाइ र शिक्षा हामीले स्वीकार गर्नुपर्छ र प्रयोग गर्नुपर्छ ।

**पद १०** : पावल भन्छन्, "किनकी यस उद्देश्यले हामी परिश्रम र प्रयत्न गर्दछौं ।" "यस उद्देश्यले" भनेको माथि ८ पदमा भनेको छ कि यो सधैं लाभदायक छ र हामी अरूको निम्ति नमुना हुनुपर्छ । हामी इनामको आशा राखी काम गर्छौं । "परिश्रम र प्रयत्न" गर्ने कुरा पावलले यहाँ भन्दछ । यो परिश्रम र प्रयत्न केही चीज नभइ नहुने, अति नै महत्वपूर्ण कुराका लागि (Strive) जोडतोडमा प्रयास गर्ने

अर्थ लाग्छ। यो भक्ति भन्ने कुरा त्यतिकै हामीमा प्रभु येशूलाई विश्वास गर्दैमा स्वतः (Automatically) आउँदैन। यो भक्ति वा ईश्वरीय गुणले भर्न मेहनत गर्नुपर्छ। पावलले सिकाएको सबै कुरा आफैं पनि व्यावहारिक रूपमा जिइरहेको थियो। पावल भन्छन् कि किनकी हामीले हाम्रो आशा जीवित परमेश्वरमा राखेका छौं। ग्रिक भाषामा "राखेका छौं" भनेको क्रियाको अर्थ लगातार रूपमा सधैं पूरा नभएसम्म राखिराख्ने कुरा हो। पावलले पूरा भरोसा ख्रीष्ट येशूमा भएको निश्चयताको एक प्रमाण पनि हो। पावललाई निश्चित रूपमा थाहा थियो कि उनको परिश्रम र प्रयत्न ठिक छ किनभने उनले मानिसमा, आफैंमा, दार्शनिकमा र कुनै कुरामा होइन तर जीवित परमेश्वरमा थियो, जो सबै मानिसहरूका बिषेश गरी उहाँ माथि विश्वास गर्नेहरूका मुक्तिदाता हुनुहुन्छ। पावलले बारम्बार जीवित परमेश्वर भनेर दोहऱ्याइरहेका छन्। परमेश्वर मुक्तिदाता हुनुहुन्छ भन्ने कुरा पनि बुझ्न चाहेको हामी पाउँछौं (१ तिमोथी ३:१५; १:१ र २:३;२:२,४,६)। परमेश्वर चाहनुहुन्छ कि सबै मानिसहरूले मुक्ति पाऊन्। त्यसकारण उहाँले ख्रीष्ट येशूलाई हाम्रो निम्ति क्रुसमा बलिदान स्वरूप मर्न दिनुभयो। उहाँमाथि विश्वास गर्ने सबैले पाप क्षमा पाउँछन्। उहाँ माथि विश्वास गर्नेहरूका उहाँ मुक्तिदाता हुनुहुन्छ। उहाँलाई विश्वास नगर्नेहरूका लागि उहाँ मुक्तिदाता भएर पनि मुक्तिदाता हुनुहुन्छ।

**पद** ११ : यी नै कुराको आज्ञा दिन र सिकाउन पावल तिमोथीलाई आज्ञा दिँदछन्। यी कुरा हामीले पनि ख्रष्टि विश्वासीहरूलाई आज्ञा गर्नुपर्छ र सिकाउनुपर्छ ताकि उनीहरू भ्रममा नपरोस्। पावलले यहाँ तल भन्दै गरेका कुराहरू पनि जवानहरूलाई आज्ञा गर्न र सिकाउन आज्ञा दिँदैछन्। तिमोथी आफ्नो सेवकाइमा स्थिर र साहसिलो हुनुपर्छ।

**पद** १२ : पावलले तिमोथीलाई शिक्षा दिन्छन् कि उनको जवानीपनमा अपरिपक्वताको लापरवाही व्यवहार नदेखून् र जवानले गरेको सेवकाइमा तुच्छ नठानोस्। होला, कि जवानहरूलाई सेवकाइमा परिपक्वता देखाउन गाह्रो छ, तर सबै जवान त्यस्तै हुन्छन् भन्ने त छैनन्। अरूहरूले जवानको जविन चरित्र, स्वभाव-व्यवहारको अनुमान गरे जस्तो वा अरू जवानहरूमा देखेजस्तो अपरिपक्वताको व्यवहार नहोस् भनेर पावलले तिमोथीलाई सल्लाह दिँदैछन्। बरु त्यस्तो अपरिपक्वताको विपरित एउटा ख्रीष्टियन सेवक जवानले परिपक्वताको व्यवहार देखाउनुपर्छ। उसमा ईश्वरीय भक्ति र गुणहरू राख्नुपर्छ भनेर शिक्षा

दिँदैछन् । अरू ख्रीष्ट विश्वासीहरूका लागि बोलीवचन, आचरण र प्रेममा अनि विश्वासमा उनी उदाहरण बन्नुपर्छ भनेको छ ।

जवान भाइबहिनीहरूको बोली वचन कस्तो छ ? के तपाईंको बोली वचन अरू अख्रीष्टियन जवानहरूको जस्तो छ ? हाम्रो टोलमा र अरू टोलमा आउँदा-जाँदा मैले सुनेको र देखेको छ कि जवानहरू गफ गरेको, कुराकानी गरेको । तपाईंहरूले सुन्नु भनेको होला र भन्न पनि र सम्झन पनि घिनलाग्दो छ । धेरै नै फोहोर बोली वचन गर्दछ । आचरण र व्यवहार पनि अति नै घिनलाग्दो छन् । धेरै जसो जवानहरू, जो ख्रीष्टियन होइनन्, छाडा जीवन, ठूलो ठूलो जिम्मेवारी दिन डराउँछन् ।

तर पावलले यहाँ तिमोथीलाई अनि तपाईं र मलाई पनि एउटा ख्रीष्टियन जवानले देखाउनुपर्ने नमुना, उदाहरण देखाउन देऊ भनी आज्ञा गरिरहेका छन् । सेवकाइ गर्ने व्यक्ति जीवन चरित्र, बोली वचन, नैतिकतामा पवित्रता, शुद्धता हुनुपर्छ ।

प्रभुको सेवक सबैलाई प्रेम गर्ने र विश्वासयोग्यता देखाउने हुनुपर्छ । विश्वासीको जीवन अरूले भरोसा गर्न सक्ने विश्वासयोग्य जीवन, इमानदारी जीवन जिउनुपर्छ । यस्तो जीवन चरित्र, स्वभाव, व्यवहार छ भने कसैले पनि तपाईं र मेरो जवानीलाई हेला गर्न वा तुच्छ ठान्न पाउँदैन । बरु मानिसहरूले भन्छन् कि हेर त फलाना जवान भाइ र बहिनीको जीवन चरित्र, स्वभाव आहा ! क्या नमुनाको छ । जीवन भनेको त त्यस्तो पो हुनुपर्छ । भनेर अरूले भनोस् न ।

**पद १३** : पावलले तिमोथीलाई सेवकाइको विषयमा उत्साह दिएर लेख्छन् कि सधैं धर्मशास्त्र पाठ गर्ने, सुनाउने, प्रचार गर्ने, शिक्षा दिने गरिरहनुपर्छ । मण्डलीमा गर्ने सेवाबारे पावलले तिमोथीलाई सम्झाउँदै छन् । यहूदी चलनअनुसार बाइबल धर्मशास्त्र सभामा पढिदिने, सुनाउने गर्थे । बाइबलबाट प्रचार गरी शिक्षा दिने पनि गर्थे । अहिले जस्तो सबैले बाइबल धर्मशास्त्र पढ्नलाई पाउँदैनथ्यो । सबै जनाले मण्डली घर, सभाघरमै सिक्नु पर्थ्यो । पढेको खण्डलाई बुझ्हाइदिने र आफ्नो जीवनका लागि व्यावहारिक शिक्षा (Application) लिन्थ्यो ।

हामीले पनि मण्डलीमा बाइबल धर्मशास्त्रबाट प्रचार गर्न सिकाउनुपर्छ । घरघरमा पनि बाइबल अध्ययन गर्नु र गराउनुपर्छ । यो सेवकाइको मुख्य काम पनि हो । शिक्षा सिद्धान्त विश्वासीहरूलाई ठिकसँग र राम्रोसँग सिकाइराख्नुपर्छ । यदि गहिरो शिक्षा पाएन भने झुटो शिक्षाहरूमा लाग्न सक्छन् । धेरै जसो नयाँ र

जवानहरूलाई झुटो शिक्षकहरूले गाँजेको वा फन्दामा परेको वा लागेको देखेको छु । झुटो शिक्षकहरू भेडाको भेषमा, ब्वाँसाहरू कमजोरहरूकहाँ नम्रता, प्रेम, वास्ता गरे जस्तो देखाएर आउँछन् र उनीहरूको बेहोस पार्ने मगजधुलाइ (Brain wash) शिक्षा दिने थाल्छन् । उदाहरणः भ्यागुतालाई चिसो पानीको भाडामा राखेर बिस्तारै तताउँदै गयो भने भ्यागुताले आफ्नो जीउको तापक्रम पनि तातेको पानीसँग फेर्दै जान्छ । भ्यागुतालाई मज्जा त आइरहेको हुन्छ तर पानी उम्लेर ऊ पाकिसकेको हुन्छ । उनलाई मरेको थाहा नै नपाउँदै मरिसकेको हुन्छ ।

यस्तै प्रकारले झुटो शिक्षकहरूले र झुटो शिक्षाले अलि अलि गर्दै बिस्तारै बिस्तारै विश्वासीहरूको आत्मिकी जीवन मरिसकेको हुन्छ । नयाँ विश्वासीले वा पूरानै अपरिपक्व विश्वासीहरूले झुटो कुरा सिकाउँदै लगेको थाहा गर्न सक्दैन । केही समयमा उनीहरूको शिक्षाको साँचामा (सिद्धान्तमा) ढालिसकेको हुन्छ । त्यसकारण मण्डलीमा, घरेलु सङ्गतिमा सुरुदेखि नै विश्वासीहरूलाई झुटो शिक्षाबारे सिकाइ राख्नुपर्छ र होसियारी बनाई राख्नुपर्छ ।

**पद १४** : पावलले तिमोथीलाई उत्साह, साहस यसरी दिन्छन्, “तिमीसँग भएको वरदानको अवहेलना नगर” त्यसको अर्थ यो हुन्छ कि तिमोथी आफ्नो वरदानलाई तुच्छ वा केही होइन, म त्यति राम्रोसँग चलाउन सक्दिनँ, म त जवानै छु र मेरो कुरा वा शिक्षा कसले सुन्छन् र मान्छन् भनेर बसेको हुनुपर्छ । यो वरदान तिमोथीलाई परमेश्वरले नै दिनुभएको हो भनि सम्झनु र बुझ्नुपर्छ । प्रभुको सेवा गर्न त्यो वरदान चलाउनुपर्छ । तिमोथी आफ्नो वरदानलाई बेवास्ता वा थाहा नगरी अन्जानमा बस्नुहुँदैन । यदि मानिसहरूले तिमोथीलाई तुच्छ ठान्न नदिन वा हेला गर्न नदिन पहिला आफैंले आफैंलाई पनि तुच्छ ठान्नु भएन । कति पल्ट हाम्रो स्वभाव यस्तो हुन्छ कि अरूले तुच्छ नठाने पनि हामी आफैंले आफैंलाई तुच्छ ठानिरहेका हुन्छौं । यस्तो सोचाइले एल्डरहरूले हात राखी अगमवाणीद्वारा वरदान दिएको थियो । त्यो समयलाई सम्झि आफ्नो वरदान र सेवकाइमा साहस र उत्साह लिनुपर्छ । तिमोथी निश्चित होस् भन्ने पावलको मुख्य उद्देश्य हो । कसैलाई पठाउँदा, अभिषेक गर्दा त्यो समयमा टाउकोमा हात राखेर प्रार्थना गरि दिने चलन थियो । (गन्ती २७:१८-२३; व्यवस्था ३४:९; प्रेरित ६:६, १३,३; ८:१८, हिब्रू ६:२) ।

हामीले पनि आफूले पाएको वरदानलाई तुच्छ ठान्नुहुँदैन र अन्जानमा त्यतिकै बस्नुहुँदैन । आफ्नो वरदान जानेर ठिकसँग सेवाका लागि मण्डलीमा

चलाउनुपर्छ । के तपाईंलाई तपाईंको वरदान थाहा छ ? के तपाईंलाई अरूको वरदान थाहा छ ? यदि तपाईंलाई थाहा छैन भने र अब थाहा पाउन चाहनुहुन्छ भने मैले लेखेको एउटा सानो पुस्तक छ, "वरदानलाई बल्दो पारौं" भन्ने पुस्तक पढ्नुहोस् र विस्तृत रूपमा जान्न सक्नुहुनेछ । मण्डलीमा वरदानको विषयमा सिकाउन अति नै खाँचो छ ।

**पद १५** : माथि भनेका आज्ञाहरू आफूलाई दिनुपर्छ, मेहनत गर्नुपर्छ । सेवकाइमा, वरदानको कुरामा विशेष ध्यान दिएर काम गर्नुपर्छ भन्ने पावलको कुरा छ । पावलले दिइरहेको शिक्षामा तिमोथीले ध्यान दिएर काम गर्नुपर्छ । शाब्दिक अर्थमा तिमोथी आफैं त्यस नियममा वा शिक्षामा पूर्णरूपमा दिनुपर्छ । जब पावलले दिएको शिक्षामा आफूलाई दिन्छ वा शिक्षामा पूर्ण रूपमा दिनुपर्छ । जब पावलले दिएको शिक्षामा आफूलाई दिन्छ वा शिक्षाअनुसार हिँड्छन् तब नै उनको प्रगति भएको अरूले पनि उनलाई मान्नेछन् ।

हामी पनि प्रभुको वचनमा आफूलाई दिनुपर्छ र आज्ञाकारी हुनुपर्छ अनि हाम्रो सेवकाइमा प्रगति हुन्छ र सफलता मिल्छ । अरूले तुच्छ ठान्ने, हेला गर्ने ठाउँ हुनेछैन । आफूले पाएको वरदानअनुसार सेवा गर्नुपर्छ, प्रभुले आशिष् दिनुहुन्छ ।

**पद १६** : पावलले तिमोथीलाई चेतावनीको साथै शिक्षा सल्लाह दिन्छन् कि आफ्नो विषयमा र आफ्नो शिक्षा-सिद्धान्तको विषयमा होसियारी हुनुपर्छ । आफ्नो जीवन चरित्र, ब्यवहार, नैतिकता, बोलीवचन, आचरणमा होसियारी हुनुपर्छ र सोच विचारमा, विवेकता साथ आफ्नो जीवन लगाउनुपर्छ । शिक्षा-सिद्धान्तमा पनि हामी सतर्क र होसियारी हुनुपर्छ । बाइबलीय ठिक शिक्षा सिद्धान्त के छ त्यहीअनुसार सिकाउनुपर्छ । बेठिक शिक्षा-सिद्धान्तबाट जोगाउनुपर्छ ।

पावलले दिँदै आएको शिक्षा सिद्धान्तमा लागिरहेमा आफैंलाई र सुन्नेहरूलाई समेत बचाउनेछ भनेको छ । मण्डलीको अगुवाबीच र भूमिका कति ठूलो छ भन्ने कुरा यहाँ हामी बुझ्छौं । मण्डलीको अगुवा ठिक शिक्षा-सिद्धान्त र नैतिक चरित्रवान छ भने मण्डलीका विश्वासीहरू पनि राम्रो हुन्छन् तर अगुवाको जीवन ठिक छैन भने र शिक्षा-सिद्धान्त ठिक छैन भने मण्डली विश्वासी समूहसित ठिक हुँदैन । "जस्तो बाउ उस्तै छोरा" भन्ने उखान जस्तै हुनेछ । त्यसकारण

मण्डलीको अगुवाले एकदम होसियार साथ सिक्नु पर्‍यो । त्यस्तै अगुवाको जीवन पनि चरित्रवान, नैतिकवान हुनुपर्छ । अगुवाको बोली वचन राम्रो हुनुपर्छ । सबै कुरामा एक उदाहरण र नमुना बन्नुपर्छ । किनकी सबैले अगुवालाई हेरिरहेको हुन्छ ।

**निष्कर्ष (Conclusion)**

मण्डलीमा सेवकाइलाई सुरक्षित राख्न निर्देशनहरू पावलले तिमोथीलाई दिएका छन् मण्डली र यहाँको सत्यता जानी राख्नुपर्छ । मण्डलीका विश्वासीहरू नै सत्यताको खामा र जगहरू हुन् । भविष्यमा विश्वासीहरू समेत विश्वास छोडेर जान सक्छन् । विश्वासीहरू होसियार हुनुपर्छ किनकी शैतानले ठूलठूला लोभ लालचको परीक्षा ल्याउन सक्छ ।

अन्तमा प्रभु येशूको असल सेवकको जिम्मेवारी विषयमा पावलले शिक्षा दिएका छन् । झुटो शिक्षाबाट जोगाउनुपर्छ । ठिक शिक्षा सुरुदेखि नै सिकाउनुपर्छ ।

# २. मण्डलीका विभिन्न उमेरका मानिस झुन्डहरूलाई शिक्षा
# Teaching to all age groups of people

**(१ तिमोथी ५:१–१६; 1 Timothy 5:1-16)**

## १. **विाभिन्न उमेरका मानिस झुन्डहरू बारे शिक्षा** (५:१–२)
**Teaching to all age groups. (5:1-2)**

यो खण्डभन्दा माथिको खण्ड (४ अध्याय) मा पावलले तिमोथीको व्यक्तिगत जीवनको निम्ति विभिन्न व्यावहारिक शिक्षा दिएको थियो । अब पावलले तिमोथीलाई विभिन्न खालको वर्षअनुसारको झुन्डलाई व्यक्तिगत रूपमा कसरी सेवा गर्ने, व्यवहार गर्ने आदिबारे सर-सल्लाह, शिक्षा दिँदैछन् । मण्डलीमा विभिन्न किसिमका मानिसहरू हुन्छन् । त्यहीअनुसारको व्यवहार र सेवा गर्नुपर्छ । यो सल्लाह आज हामी सेवकहरूलाई पनि चाहिन्छ (अपरिहार्य छ) । यी अब हामी तल हेर्ने शिक्षा-सल्लाह जानेन भने मण्डलीमा विभिन्न व्यक्तिलाई सेवा गर्न असफल हुन्छौं ।

*क) वृद्ध मानिसहरूसँगको व्यवहार कस्तो हुनुपर्छ ?*
*How to behave to old people.*

पावल यहाँ तिमोथीलाई भन्दैछ कि “वृद्ध मानिसलाई नहप्काऊ, तर तिनलाई बाबालाई जस्तै गरी सम्झाऊ ।” एउटा ख्रीष्टियनको व्यवहार, स्वभाव, मन (attitude) अर्को वृद्ध मानिससँगको व्यवहार राम्रो हुनुपर्छ । कतिपल्ट समाजमा जवानहरूले बुढापाकाहरूलाई हेपेर “ए, बुढा, हुँ । कस्तो बुद्धि रहेछ, त्यति पनि बुझ्दैन, त्यति पनि गर्न सक्दैन कि क्या हो” भनेर हकारेको सुनिन्छ र देखिन्छ । यो असभ्य व्यवहार हो । माया दया नभएको परमेश्वरलाई नचिन्ने र ख्रीष्ट येशूलाई विश्वास नगर्नेको व्यवहार मात्र त्यस्तो हुन सक्छ । तर ख्रीष्टियनले आफूभन्दा उमेरमा पाको वृद्धहरूलाई आफ्नो बाबुलाई जस्तै मायादया गर्नुपर्छ र प्रेममा भूललाई सच्याउनुपर्छ । अथवा नराम्रो बानी छ भने सम्झाउनुपर्छ । एउटा परिवार जस्तो त्यो पनि मिल्ने र माया गर्ने, वास्ता गर्ने परिवार जस्तो व्यवहार गर्नुपर्छ ।

तपाईं हामीले वृद्धहरूलाई कस्तो व्यवहार गरेका छौं ? आफ्नै शारीरिक र आत्मिक बाबुलाई कस्तो व्यवहार गरेका छौं ? जवानहरूले मण्डलीमा वृद्धलाई कस्तो व्यवहार गर्दैछन् ? तपाईंले कस्तो व्यवहार गर्दै हुनुहुन्छ ? के तपाईं वचन प्रति विश्वासयोग्य हुनुहुन्छ ? वृद्धहरू देख्दा तपाईंलाई कस्तो लाग्छ ?

*ख) सानोहरूसँग कस्तो व्यवहार गर्नुपर्छ ?(पद १)*
*How to behave with young people (v.1)*

पावलले तिमोथीलाई सल्लाह दिँदैछन् कि "आफूभन्दा सानोहरूसँग भाइ समान व्यवहार गर ।" भाइहरूले भूलहरू गर्न सक्छ, निराश हुन सक्छ, ठूलाहरूलाई आदर नगर्ला वा आदर गर्न जानेको नहोला र भाइहरूको व्यवहार राम्रो नहोला, लापरवाही होला तर तिनीहरू यस्तै नजान्नेहरू, अल्लारेहरू भनि जानेर एउटा भाइजस्तो व्यवहार गर्नुपर्छ । भाइहरूलाई उत्साह दिनुपर्छ । उनीहरूलाई नैतिक जीवन, अनुशासित जीवन बाइबलीय शिक्षाबाट सिकाउनुपर्छ । राम्रो विचार सोचाइ, मन, भावना भाइहरू प्रति राख्नुपर्छ । भविष्यका ताराहरू वा मण्डलीका खाँबाहरू भनेर जानी त्यहीअनुसार उत्साह दिएर, चेला बनाएर उत्साह दिनुपर्छ । यसमा विशेष अगुवाहरूको ठूलो, भूमिका हुन्छन् । तपाईंले आफूभन्दा सानाहरूलाई कस्तो व्यवहार गर्नुहुन्छ ? के तपाईं उनीहरूको भविष्य देख्नुहुन्छ ? के तपाईं उनीहरूका लागि केही गर्दै हुनुहुन्छ ?

*ग) वृद्ध स्त्रीहरूसँग कस्तो व्यवहार गर्नुपर्छ ? (पद २)*
*How to behave with old women (v.2)*

वृद्ध स्त्रीहरूलाई आमालाई झैँ व्यवहार गर्नुपर्छ । त्यसको अर्थ हुन्छ, उमेर पुगेका महिलाहरूलाई आदरसँग, माया गरेर व्यवहार गर्नुपर्छ । वृद्ध स्त्रीहरूलाई हप्काउनुहुँदैन; नराम्रो व्यवहार गर्नुहुँदैन । वृद्ध स्त्रीहरूको सुझाव लिन सिक्नुपर्छ । वृद्ध स्त्रीहरूको देन बुझ्नुपर्छ हामीले । एउटा पवित्र दृष्टिमा हेर्ने र व्यवहार गर्नुपर्छ । हामीले वृद्ध स्त्रीहरूलाई कस्तो व्यवहार गर्दै छौं ? के हामीले आदर गरेका छौं ? के हामीले कसैलाई हकारे छौं ? कसैसँग व्यवहार गर्दा यी पावलका शिक्षा याद गर्नुस् ।

*घ) युवतीहरूसँग पवित्रतासाथ बहिनी समान व्यवहार गर्नुपर्छ (पद २)*
*Need to behave as a sister to younger girls. (v. 2)*

आफूभन्दा कम उमेरका स्त्रीहरूलाई वा युवतीहरूलाई हामीले पवित्रता साथ बहिनी समान व्यवहार गर्नुपर्छ । कुनै पनि स्त्रीसँग व्यवहार गर्दा अलि होसियारसँग

व्यवहार गर्नुपर्छ । पर-स्त्रीहरू जो आफ्नै परिवारको श्रीमती र छोरीहरू होइन उनीहरूसँग (मण्डलीका सदस्यहरूसँग) व्यवहार गर्दा अलि आदरसँग, अरूको हेराइ र भनाइको डर राखेर, जिउमा नछोइकन व्यवहार गर्नु असल हुन्छ । बहिनी भनेर, दिदी भनेर जिउमा यता उता छोएर, प्रेम देखाउने भनेर अङ्कमाल गरेर, हात समातेर हिँड्ने, स्त्रीको काँधमा हात राखेर हिँड्ने, धेरै माया गरी देखाउने आदत ठिक होइन । मैले धेरै पास्टर, प्रचारकहरू, दाजुभाइहरू यस्तै गरी हिँडेकाहरू बिग्रेको र मण्डलीको, परिवारको बेइज्जत गरेको र भएको देखेको छु । नेपाली सँस्कृतिअनुसार पनि ठिक र राम्रो होइन । धेरै जना बिग्रेको मैले देखेको छु । एकदम शुद्ध हृदय र मनले युवतीहरूसँग आफ्नै बहिनी समान व्यवहार गर्नुपर्छ । पुरुष र स्त्रीको बनावट नै फरक छ र एक-अर्कासँगै बस्ने इच्छा, चाहना हुन्छ र एक आपसमा आकर्षण बढ्छ स्वभावैले पनि । त्यसकारण त्यहाँ धेरै परीक्षा आउन सक्छ । त्यसकारण समूहमा ठिकसँग प्रेम, मायाको व्यवहार गर्नु ठिक छ । संकटकालीन भनेको अर्कै कुरा हो । नत्र भने युवा-युवती अथवा पुरुष स्त्री एकान्त समय बिताउनु, धेरै सँगसँगै हिँड्नु, प्रेम देखाउनु ठिक होइन । चर्चमा कति युवा युवतीहरू विवाहित परिवार (श्रीमान्-श्रीमती) पनि त्यसरी हिँड्न सक्दैन होला त्यस्तो प्रकारले हिँडेका देख्छु कि हामी हेर्नेहरूलाई समेत हेर्न लाज लाग्छ । यो दुःख लाग्दो र घिनलाग्दो व्यवहार हो । अझ त्यसमा पास्टर र प्रचारक त झन् त्यस्तो व्यवहार गर्नु भएन, किनकि यसले सेवकाइ, परिवार बिगार्छ ।

### २. **विधवाहरूलाई कस्तो व्यवहार गर्नुपर्छ** ? (५ः३–१६)
### **How to behave or deal to widows (5:3-16)**

मण्डलीमा विधवाहरूलाई कस्तो खालको व्यवहार गर्नुपर्छ भन्ने बारेमा पावलले तिमोथीलाई शिक्षा दिँदैछन् । पुरानो नियम र नयाँ नियम बाइबलभरि विधवा र टुहुरालाई प्रभुको अनुग्रहमा विशेष खालको वास्ता गर्नुपर्ने, व्यवहार गर्नुपर्ने बताउँछन् । मण्डलीले यिनीहरूका लागि विशेष एउटा सेवकाइ नै खोल्नुपर्छ । यदि मण्डली सक्षम छ भने वृद्ध आश्रम, अनाथालय मण्डलीको एउटा विभागको रूपमा खोल्नु राम्रो हुन्छ ।

सुरुको मण्डलीमा पनि प्रेरित ६ अध्यायमा विधवाहरूको सेवाका लागि केही रकम छुटाउने गर्थ्यो । पावलले ३० वर्षपछि यो पत्र लेख्दा मण्डलीहरूमा यस्तो सेवकाइ धेरै चलिरहेका होलान् पावलले यहाँ कस्तो स्त्री, कति उमेर वर्षकोलाई विधवा घरमा राख्ने आदि शिक्षा दिइरहेका छन् ।

*क) कस्तो खालको विधवा हो पत्ता लगाउनुपर्छ। (पद ३-८)*
*Need to findout what kind of widow is she (v. 3-8)*

**पद ३**. "जो साँच्चै नै विधवा हुन्, तिनलाई आदर गर" भनेर पावलले यहाँ आज्ञा दिइरहेका छन् । खासमा को विधवा हो त्यो बुझ्नुपर्छ र त्यो साँचो नियमभित्र पर्ने विधवालाई ठिकसँग आदर गर्नुपर्छ । पावलको भनाइअनुसार विधवाहरूको तह भिन्दाभिन्दै छन् । ती तहअनुसार विधवाहरूलाई व्यवहार गर्नुपर्छ ।

**पद ४**. छोराछोरी, नाति-नातिनाहरू भएका विधवा : छोराछोरी, नाति-नातिना भएका विधवाहरू छन् भने, तिनीहरूले सर्वप्रथम आफ्नै परिवारप्रति आफ्नो धार्मिक कर्तव्य पालन गर्न सिक्नुपर्छ र आफ्नो माता पिता बज्यैको उपकारको ऋण चुकाउन सिक्नुपर्छ । किनकि यो परमेश्वरको दुष्टिमा ग्रहणयोग्य हुन्छ । सबै भन्दा पहिला परिवारको जिम्मेवारी हो अनि मात्र परिवारले नसकेको अलिअलि मण्डलीले सहायता गर्ने कुरा आउँछ । परमेश्वरलाई चिनेका विश्वासी परिवार (छोराछोरी, नाति नातिनीहरू छन् भने) ले आफ्नो आमाको वास्ता, फिक्री, हेरचाह गर्नुपर्छ । विश्वासीहरूले आफ्नो आमाबाबुको सेवा नगर्नु त्यो एकदम राम्रो, साक्षी होइन । यो त बेइज्जत हो । विश्वासीले आफ्नो धार्मिकता व्यवहारमा देखाउनुपर्छ, त्यो हो विधवा आमालाई देखरेख गर्ने, हेर विचार गर्ने । छोराछोरी र नाति नातिनीहरू छन् भने असहाय विधुवाको तहमा राख्न मिल्दैन । छोराछोरीले आफ्नो आमाको देखरेख गरेको, वास्ता गरेको परमेश्वरलाई मनपर्छ र उहाँको दृष्टिमा ग्रहणयोग्य छ। अर्थात् उहाँलाई यसले खुसी पार्छ।

**पद ५**. साँचो विधवा : साँचो विधवा त्यो हो, जसको सहायता गर्ने कोही छैन । परमेश्वरमा भरोसा गर्नुपर्छ, आशा गर्नुपर्छ र दिन रात परमप्रभुमा प्रार्थना गर्नुपर्छ । तिनी साँचै नै खाँचोमा छिन् भने ईश्वर भक्त स्त्री जहिले पनि परमेश्वरमा आशा राखी प्रार्थना लगातार रूपमा गरिरहन्छन् । तिनले परमेश्वरका जनसँग पनि लगातार निवेदन गरी रहन्छन् । यस्तो ईश्वरभक्त विधवा मण्डलीको सहायता पाउन योग्यको ठहरिन्छ । हामीले पनि विधवाहरूलाई सहायता दिने वा नदिने तह र योग्यताहरू छुट्याउनु आवश्यक छ।

**पद ६**. कोही विधवाहरू सुख विलासमा मस्त रहन्छन् : कोही विधवाहरू श्रीमान् मरेको समयबाट झन् मोजमज्जा गर्ने, सुख विलासमा जीवन बिताउने, अरू पुरुषहरूसँग जथाभावी हिँड्छन् भने त्यो त मरेतुल्य र लाजमर्दो कुरा हो । सबै

विधवाहरू धार्मिकताको जीवन र भक्तिको जीवन बिताउँदैनन् । "तर यदि तिनी सुख विलासमा मस्त रहन्छन् भनेता तिनी जिउँदै मरेतुल्यकी हुन् ।" जो आत्मिक रूपमा गिरेकी छिन्, व्यक्ति-व्यक्ति चहार्छिन्, सुख-विलास खोज्छिन्, त्यस्तो विधवाहरूलाई विधवाको नामावलीमा राख्न मिल्दैन र हुँदैन ।

**पद ७–८**. पावलले तिमोथीलाई आज्ञा गर्दछन् कि यी सबै कुराहरूको शिक्षाको आज्ञा देऊ ताकि कसैले दोष दिन नसकोस् । कस्तो व्यक्ति विधवा नामावलीमा राख्न सकिन्छ र कस्तो व्यक्तिहरू विधवा नामावलीमा राख्न सक्दैन, त्यो विषयमा अरूलाई पनि सिकाउनु भनेर पावलले तिमोथीलाई शिक्षा, आदेश दिँदैछन् । यदि बेठिक स्त्रीहरूलाई विधवा नामावलीमा राख्यौं भने तिनीहरूको यौन प्यासी व्यवहार, व्यभिचार गराइबाट विधवा समूह वा घर परिवारको बेइज्जत हुन्छ । विधवाका परिवारमा पनि व्यभिचारको कारण बेइज्जत हुन्छ । विधवाका परिवारमा पनि व्यभिचारको कारण बेइज्जत हुन्छ । विधवाका परिवारमा पनि व्यभिचारको कारण बेइज्जत हुन्छ । पावल भन्छन् कि यदि कसैले आफन्तहरूको र विशेष गरी आफ्नै परिवारको पालन पोषण गर्दैन भनेता त्यसले विश्वासलाई इन्कार गर्दछ र विश्वास नगर्नेहरू भन्दा पनि खराब हुन्छ । त्यसले विश्वासलाई इन्कार गर्दछ र विश्वास नगर्नेहरू भन्दा पनि खराब हुन्छ । यसको अर्थ परिवारले वा छिमेकीहरूले विधवाको हेरचाहमा पहिलो स्थान वा प्राथमिकता दिनुपर्छ । आफ्नैहरूले सहायता नगरेर मण्डलीको हेरचाहमा पठाउनु त्यो राम्रो साक्षी होइन; त्यो त बेइज्जत हो । ख्रीष्ट विश्वासीहरूले आफ्नो विधवालाई हेरचाह गर्नुपर्छ, त्यो नै विश्वासीको र प्रभु येशूलाई चिनेको चिन्ह हो । किनभने त्यतिबेला गैर-ख्रीष्टियनहरूले समेत त्यस्तो सहायता गर्ने चलन थियो । परिवार र छिमेकीको एउटा कर्तव्य नै थियो कि आफ्नो छिमेकी विधवालाई सहायता गरिदिने । त्यसकारण विश्वासी परिवार वा त विश्वासी छिमेकीले त्यस्तो विधवालाई त हेर्नै पऱ्यो, सहायता गर्नै पऱ्यो । नत्र भने अविश्वासीहरू भन्दा पनि खराब देखिन्छ ।

*ख) विधवाको योग्यता निर्धारण (पद ९-१०)*
*Quality of widow. (v.9-10)*

- विधवाको नामावलीमा नाम चढाउन र साँच्चै विधवाको सेवालयमा राख्न तिनी साठी वर्ष पुगेकी हुनुपर्छ । जवान विधवाहरूलाई विधवाको नामावलीमा राख्नुहुँदैन । यसको कारण पछि पद ११-१५ मा पाइन्छ, त्यो पछि हेर्नेछौं ।

- एकचोटि मात्र विवाह भएको हुनुपर्छ । यसको अर्थ हुन्छ कि तिनी आफ्नो श्रीमान् (पति) समक्ष एक विश्वासयोग्य पत्नीको रूपमा जिएर समय बिताएकी थिई । ग्रिक भाषामा चलाएको शब्दको अर्थ हुन्छ “एक-मानिस स्त्री” यसको अर्थ एकलाई हेर्दा अर्कोलाई देख्ने स्वभाव हो, जस्तो ऐनामा हेर्दा आफ्नो रूपको प्रतिविम्ब देख्छ, त्यस्तै श्रीमतीलाई हेर्दा श्रीमान् र श्रीमान्‌लाई हेर्दा श्रीमतीलाई देख्नुपर्छ । बाइबलमा भनेको छ कि तिनीहरू (पति-पत्नी) एक जिउ हुनेछ । एल्डर र डिकनको मात्रै एउटी स्त्री हुनुपर्छ, एउटै श्रीमान् भनेको होइन बरु सबै मण्डली सदस्यहरूको पनि बाइबलीय शिक्षा-सिद्धान्त र योग्यताअनुसार एउटै पति पत्नी र एउटै पत्नीका पति हुनुपर्छ ।
- असल काम गरेकी हुनुपर्छ । समाजमा नाम कमाएकी हुनुपर्छ । अरूलाई भलाई गर्ने, सहायता गर्ने स्त्री हुनुपर्छ ।
- छोराछोरी राम्रोसँग हुर्काएकी हुनुपर्छ । छोराछोरीलाई राम्रोसँग शिक्षा-दीक्षा दिइ प्रभुमा हुर्काउनुपर्छ । असल आमाले आफ्नो छोराछोरीलाई आत्मिक जीवनमा बढाउँछ र सेवामा लगाउँछ ।
- परदेशीहरूको सत्कार गर्ने हुनुपर्छ । अरूको हेरचाह गर्ने, पाहुना सत्कार गर्ने स्त्री हुनुपर्छ ।
- सन्तहरूको खुट्टा धोएकी हुनुपर्छ । यसको अर्थ नम्रतामा सेवा गर्ने मन भएकी र व्यवहारमा सहायता गर्ने हुनुपर्छ ।
- दुःखीहरूको उपकार गरेकी हुनुपर्छ । कोही समस्यामा परेको छ भने तिनीहरूलाई केही नसोची सहायता गरिहाल्छ । सहायता गर्ने दानै पाएकी हुनुपर्छ ।
- र जुनसुकै पनि असल काममा ध्यान दिएकी साबित हुनुपर्छ । सबै क्षेत्र र गुणमा स्वभावकी हुनुपर्छ । झगडा गर्ने, लोभी, स्वार्थी हुनुहुँदैन । सबैले असल भनेकी हुनुपर्छ ।

यी गुणहरूले भरिपूर्ण स्त्रीमात्र विधवा नामावलीमा राख्नुपर्छ, मण्डलीले त्यस्ता व्यक्तिलाई सहायता गर्नुपर्छ । हामीभन्दा पनि बाइबलमा पावलको शिक्षा कडा छ । हामीले विधवा आश्रम खोल्यौँ भने हामीलाई माया लाग्छ र जो पनि राख्न चाहन्छौँ, तर बाइबलीय शिक्षा, निर्देशन पालन गर्नु धेरै राम्रो हुन्छ । हामीले

हाम्रो मण्डलीमा अब यस्तो बुढी विधवाहरूको नाम एकचोटि सङ्कलन गरौं । र भयो भने विधवा भत्ता पनि थोरै भएपनि हरेक महिनामा दिन कोसिस गरौं । यसो गऱ्यौं भने प्रभुले साथै आशिष् दिनु हुनेछ ।

*ग) जवान विधवाहरूलाई विधवाको नामावलीमा राख्नुहुँदैन । (पद ११-१३ )*
*Young widows should not put in widow's list (v. 11-13)*

कुनै स्त्रीको श्रीमान् (पति) युवा अवस्थामा नै बित्यो र विधवा भयो भने त्यस्तो स्त्रीलाई विधवा नामावली वा सूचीमा राख्नुहुँदैन । पावलले यहाँ केही कारणहरू दिएका छन् ।

- काम-वासना (Sensuality) ले उनीहरू उत्तेजित भएका हुन्छन् । उनीहरू ख्रीष्टबाट पनि टाढा भएर गरी बस्न सक्छन् । उनीहरू यौन सम्बन्ध आकर्षण हुन सक्दछ । बुढी विधवा स्त्रीहरू जस्तो जवान विधवाहरू हुँदैनन् । जवान विधवाहरूको यौन इच्छा बढ्न सक्छ र परीक्षामा पर्न सक्छ । त्यसकारण उनीहरू फेरि विवाह गर्न चाहन्छन् । पावल यहाँ भन्दछन् कि यसरी उनीहरूले (विधवाहरूले) आफू माथि दण्ड ल्याउनेछन् । किनभने उनीहरूले आफ्नो वाचा भङ्ग गरेको हुन्छ । के हो त त्यो "त्यो वाचा"? पावलले यहाँ भन्न खोजेको वाचा हो उनीहरू विधवा नामावलीमा वा सूचीमा नाम दर्ता गराउँदा जीवनभरि प्रभु येशूको सेवा गर्नेछु र म फेरि विवाह गर्ने छैन र त्यस्तो यौन सम्बन्धको विषयमा सोच्ने छैन भनेर वाचा गराइन्थ्यो र उनीहरू माथि दण्ड आउने छ र विधवा गृह वा समूहको बेइज्जत हुन्छ । त्यसकारण पावलको भनाइ यहाँ जवान विधवाहरूको नाम विधवा सूचीमा राख्नुहुँदैन । उनीहरू काम गरिखान सक्छन् ।
- जवान स्त्रीहरूलाई विधवा सूचीमा राख्यो भने उनीहरू अल्छी हुन्छन्, काम गरी खाँदैनन् र घर-घर डुल्ने र कुरौटे हुन्छन् । काम नभए पछि अर्काको काममा हात हाल्ने हुन्छन् र बोल्न नहुने कुरा बोलिहिँड्छन् (गन्ती ३०:२; व्यवस्था २३:२; श्रेष्ठगीत ५:४-५ पढ्नुस र बुझ्नुस्) । धेरै मायाले पनि मानिसहरू बिग्रिन्छन् । जवानहरूमा बढी परीक्षामा फस्ने सम्भावना हुन्छन् । उनीहरूलाई यौनको परीक्षामा नकार्न वा नैतिकतामा स्थिर रहन गाह्रो हुन्छ । विधवा भनेर नकार्न वा नैतिकतामा स्थिर रहन गाह्रो हुन्छ । विधवा भनेर विधवा गृह वा विधवा भत्ता दिएपछि उनको जीविका चलाउन काम गर्न

जानु परेन अनि अल्छी बन्छ र झन् चाहिँदो नचाहिँदो कुरा थोरै समय धेरै हुँदा बुढी विधवाहरू समेत पनि बिग्रिने धेरै सम्भावना हुन्छन् । यो एउटा खतरा हुन्छ ।

*घ) जवान विधवाले विवाह गर्न सक्छ । (पद १४-१६)*
*Young widows can get marry. (v. 14-16)*

**पद १४**. त्यसकारण पावलले यहाँ सल्लाह दिन्छन् कि जवान विधवाहरू विधवा सूचीमा नाम नलेखाएर बरु विवाह गरून् र बालबच्चा, छोराछोरीहरू पाएर परिवार हुर्काऊन् । यो असल हुन्छ । परीक्षामा परेर विधवा सूची समूह (विधवा गृह) को बदनाम हुनुभन्दा विवाह गरेर घरजम गर्नु राम्रो हुन्छ । विरोधहरूलाई बदनाम गर्ने मौका दिनुहुँदैन । विरोधी, शत्रु भनेको मण्डलीको नराम्रो कुरा खोजिरहने र आरोप लगाउन केही निहुँ वा बुँदाहरू खोजिरहेका हुन्छन् । उनीहरू मौका खोजिरहेका हुन्छन् । शत्रुलाई मौका दिनुहुँदैन ।

**पद १५**. पावल भन्छन् "किनकि कोही-कोही त अघि नै शैतानतर्फ गएका छन् ।" पावलको सल्लाह यहाँ हेर्दा अझ अलि ढिलो भैसक्यो जस्तो छ । किनभने केही त शैतानतर्फ गैसकेका छन् । पावललाई अवश्य थाहा थियो होला कि जवान स्त्रीहरूलाई विधवा सूचीमा राखी सहायता गरिरहेका गरिरहेको र कोही कोही विधवाहरू फेरि विवाह गरेको र कोही-कोही व्यभिचारमा पक्राउ परेको र विधवाको समूहको बेइज्जत भएको । त्यसकारण यो महत्वपूर्ण सल्लाह तिमोथी अगुवालाई पावलले दिइरहेका छन् ।

**पद १६**. पावल भन्छन्, "यदि विश्वासी स्त्रीका कोही आफन्तहरू विधवा छन् भने तिनले उनीहरूलाई सघाउँछन् र मण्डलीमाथि कुनै बोझ नपरोस् र मण्डलीचाहिँ विधवाहरूलाई सहायता दिन सकोस् ।" पावल यो कुरामा निश्चित हुन चाहन्छन् कि उनले पद ८ मा दिएको निर्देशन, शिक्षा राम्रोसँग बुझोस् र त्यहीअनुसार विधवा सूचीमा ठिक र योग्य (qualified & justified) व्यक्तिहरूलाई मात्र विधवा सहायता गर्नुपर्छ । यसमा वृद्धवृद्धा पनि हुन सक्छ । विधवा आफैंले पनि बुझेर घर परिवार, आफन्तहरूलाई सघाएर उनीहरूसँग मिलेर बस्नुपर्छ । पति मऱ्यो भनेर मण्डलीबाट मात्र सहायता खोज्ने होइन तर आफूले सकेको काम गरी मण्डलीबाट सहायता पाउनुपर्छ वा मण्डलीले सहायता दिनुपर्छ ।

# ३. एल्डरहरूको बारेमा केही शिक्षा
# Teaching on Elders

(१ **तिमोथी** ५:१७–६:२; **1 Timothy 5:17-6:2**)

### १) एल्डरहरूलाई वा पाष्टरहरूलाई आदर गर्नुपर्छ । Should respect Pastors & Elders.

एल्डर, पास्टर र बिसपहरू एकै खालको पद र काम गर्ने व्यक्तिहरू हुन् । आजको बुझाइमा मण्डलीका गोठालाहरू, अगुवाहरू हुन् । पावल भन्दछन् कि मण्डलीको असल देखरेख गर्ने एल्डरहरू (पास्टर, गोठालाहरू, अगुवाहरू) दोब्बर आदरका योग्य हुन्छन्, विशेष गरी, जसले वचनको प्रचार र शिक्षामा परिश्रम गर्छन् । यी एल्डरहरू (पास्टरहरू) जसले मण्डलीको हेरचाह गर्छन् र मण्डलीको वास्ता गर्दछन् ।

के तपाईं पास्टर, एल्डर, डिकनको आदर गर्नुहुन्छ ? के तपाईंले पास्टर, एल्डर, डिकनको जिम्मेवारी बुझ्नुहुन्छ ? के तपाईं पास्टर, एल्डर, डिकनको आज्ञा वचन मान्नुहुन्छ ? के तपाईंले पास्टर, एल्डर, डिकनको सेवा देख्नुहुन्छ ? के कहिल्यै पास्टर, एल्डर, डिकनलाई सह्राना (appreciate) गर्नुभएको छ ?

खासमा विश्वासयोग्य मण्डली अगुवाहरूलाई मण्डली सदस्यहरूले समर्थन र सहायता गर्नुपर्छ र सह्राना गर्नुपर्छ । धेरैपल्ट पास्टर, एल्डर, डिकनहरूलाई आलेचना, गाली र आरोप मात्र लगाउँदछन् । मण्डली सदस्यहरूले पास्टर, एल्डर र डिकनहरूबाट धेरै ठूलो कुरो आशा गर्दछन्, जुन उहाँहरूले यथार्तमा पूरा गर्न सक्दैनन् । तपाईंले मण्डली अगुवाहरूलाई कस्तो व्यवहार गर्नुहुन्छ ? के तपाईं अगुवाको भूल, खराब पत्ता लगाउन रमाउनुहुन्छ कि तपाईं अगुवाको असल काम, वचन याद गरी धन्यवादी हुनुहुन्छ ? मण्डलीका अगुवाहरूका लागि कति प्रार्थना गरिदिनुहुन्छ ? के तपाईंको मण्डलीको अगुवाहरूको परिवार चलाउन पुग्ने पैसा खर्च पाउँछन् ? कति हामी मण्डली सदस्यहरू पास्टर, अगुवा, प्रचारक जो पूर्णकालीन चर्च सेवामा कार्यरत छन् उहाँहरूलाई परिवार चलाउन पुग्ने तलब

दिँदैनौं । अनि उहाँहरू सधैँ चिन्ता र फिक्रीमा बाँच्नुपर्छ । "दोब्बर आदरको" योग्य भनेको एउटा साँच्चै आदर, इज्जत, सह्राना गर्ने हो, दोश्रो आर्थिक सहयोगबाट आदर गर्नुपर्ने बुझिन्छ ।

**२) काम गर्नेलाई माम दिनुपर्छ । (पद १८)**
**Workers need to be paid. (v. 18)**

**पद १८.** "किनभने पवित्र शास्त्र भन्छ, "दाइँ गर्ने गोरुको मुखमा मोहोलो नलगाउनु र श्रमिकले आफ्नो कामको ज्याला पाउनुपर्छ ।" तर कतिपल्ट, दुर्भाग्यवश, मण्डली सदस्यहरूले पूर्णकालीन मण्डली सेवक पास्टर तथा प्रचारकहरूको वास्ता गरिँदैन र मतलब राखिँदैन । पास्टर अगुवा, प्रचारकहरूको त त्यसै पनि भैहाल्छ नि भनेर हामी सजिलैसित लिन्छौं (we often take it for granted) र कुनै आर्थिक सहायता गर्दैनौं र धन्यवादी हुँदैनौं । झन् हामी के सोच्छौं त पास्टर, अगुवा, प्रचारकहरूले त यो गर्नुपर्ने, त्यो गर्नुपर्ने, खोइ के काम गर्दैछ ? भनी आलोचना गर्दछौं । यो ठिक प्रवृत्ति वा स्वभाव होइन । सोचौं हामीले पास्टर अगुवा र प्रचारकहरूलाई सहायता गर्न सक्छौं र आदर गर्न सक्छौं । अनि सकेको सहायता गरौं । प्रभुले हामीलाई धेरै आशिष् दिनुहुन्छ ।

**३) प्रमाणविना आरोप स्वीकार गर्नु हुँदैन । (पद १९-२०)**
**Should not accept the blame without any proves. (v.19-20)**

**पद १९-२०:** पास्टर, एल्डर, डिकनहरू विरुद्धमा लगाएको आरोपलाई विनागवाही स्वीकार गर्नुहुँदैन । गवाही पनि दुई तीन जनाले साक्षी स्वरूप चाहिन्छ; नत्रभने आरोपलाई पत्याउनुहुँदैन । किनभने पावललाई थाहा छ र आफैंले पनि अनुभव गरेका कुराहरू हुन् कि मानिसहरूले इर्ष्याले, डाहाले सेवकाइको विरुद्धमा त्यसै पनि आरोपहरू लगाउँछन् । कसैले बदनाम गर्न खोज्छ भने पनि हामीले बचाउका लागि बोल्नुपर्छ ।

पावलले यहाँ भन्न खोजेको कुरा यो हो कि पास्टर, एल्डर, प्रचारक, अगुवाहरूले पनि भूल गर्छन्, पाप गर्न सक्छन् र परीक्षामा फस्न सक्छ, किनभने उनीहरू पनि एक साधारण मानिसहरू नै हुन् । तर यति मात्र कि भन्न चाहेको कि पास्टर, एल्डर, डिकन र प्रचारकहरूलाई त्यसै पनि भए-नभएको त्यसै बनाएर सेवकाइ बिगार्न पनि आरोप लाउन सक्छन् । शत्रुले जे पनि भन्न सक्छ । त्यस्तो आरोपहरू छानबिन गर्नुपर्छ । सत्य-तथ्य पत्ता लगाउनुपर्छ । सबै प्रमाणहरू ३/४ जनाको साक्षीको गवाही जुटेपछि मात्र आरोप स्वीकार गर्नुपर्छ र अनुशासनको

काम थालनी गर्नुपर्छ । तर धेरैजसो सानोतिनो असिद्धताको कारण, कसैको आशा, माग, अनुरोध आकाङ्क्षा पूरा नगरिदिँदा, व्यक्तिको द्वन्द्वको कारण पनि पास्टर, एल्डर, डिकन, अगुवाहरूलाई विभिन्न प्रकारको आरोप लगाउँछन् । ती स्वार्थी आरोपहरूलाई हामीले पचाइदिनुपर्छ र आफ्नो पास्टर, एल्डर, डिकन प्रचारक अगुवाहरूलाई आदर, इज्जत गर्न सिक्नुपर्छ । ती आरोप लगाउनेहरूलाई पनि कहिलेकाहीँ सबैको सामु गाली गर्नुपर्छ र हकार्नुपर्छ र त्यस्तो नचाहिँदो कुराको आरोप लगाउने नराम्रो आदत बन्द गर्न लगाउनुपर्छ; चुप गराउनुपर्छ ।

पापमा लागि रहनेहरूलाई सबैको सामु हप्काउनुपर्छ, ताकि अरूहरू पनि डराओस् । मण्डली पवित्रताका लागि मण्डलीमा सबैलाई, बिगार्नेहरूलाई, अनुशासनमा राख्नुपर्छ । मानिस हेरेर होइन तर वचनअनुसार सबै चर्च सदस्यहरूलाई बराबरी रूपमा विधानअनुसार अनुशासनमा राख्नुपर्छ । यसो गर्दा मण्डली स्वस्थकर हुन्छ र मण्डली बढ्दै जानेछन् ।

### ४) **सबैलाई एक समान नियम हुनुपर्छ ।** (**पद** २१)
**There should be equal rules for all. (V. 21)**

**पद** २१ः पावलले तिमोथीलाई भन्दछन् कि "परमेश्वर र ख्रीष्ट येशूको सामु र चुनिएका स्वर्गदूतहरूका सामु म तिमीहरूलाई कडा आज्ञा दिन्छु, कुनै भेदभाव वा पक्षपात नगरी यी नियमहरू तिमीले पालन गर ।" किन पावलले यति कडा आज्ञा दिएको होला ? हुन सक्छ कि तिमोथी जवान भएकोले मण्डली सदस्यहरूसँग दोष लगाएको बारेमा सामना गर्न सकेका थिएन वा हलुका तवरले मात्र अनुशासनमा राख्ने काम गरेका थिए । अथवा सामना गर्न चाँहदैन थिए । कुनै कुनै लाई कडा व्यवहार भने कुनैलाई भने नरम/हलुका व्यवहार पो गरेका थिए कि ? जेसुकै कारण भए पनि पावलले तिमोथीलाई अनुशासनको कुरा पास्टर-एल्डर लाई लगाएको दोषको नियम कडासँग पालन गर्न आज्ञा दिँदछन् । पक्षपात नगरीकन सबैलाई समान व्यवहार वा नियम लगाउनुपर्छ । पूर्वाग्रह राखेर कसैलाई व्यवहार गर्नुहुँदैन । पावलले परमेश्वरको, येशूको र स्वर्गदूतको अधिकारसँग साक्षी राखेर कडा आज्ञा दिँदछन् । परमेश्वरले सबै व्यक्तिहरूलाई बिना पक्षपात उचित न्याय गरेर दण्ड वा इनाम दिनुहुनेछ । परमेश्वर, येशू ख्रीष्ट धार्मिक न्यायकर्ता हुनुहुन्छ । उहाँमा कुनै छालछाम छैन । उहाँले कसैको मुख हेरेर इन्साफ गर्नुहुन्न ।

हामीले पनि मण्डलीमा ठिक अनुशासन गर्नुपर्छ । पनपक्ष नगरी पावलले दिएका निर्देशनहरू, नियमहरू राम्रोसँग पालन गर्नुपर्छ ।

**५) छिट्टै हात हाल्नुहुँदैन। (पद २२)**
**Mind your business. (V. 22)**

**पद** २२. पावलले तिमोथीलाई सल्लाह दिन्छन् कि हतार गरेर कसैमाथि हात राख्ने काम (अभिषेक गर्ने काम) गर्नुहुँदैन । कोही मानिस पापमा फस्दा अर्थात् अभिषिक्तजन पापमा/परीक्षामा फस्दा अभिषेक गर्ने मानिस पनि त्यसको पापमा सहभागी भएको हुन्छ। आफूलाई पवित्र राख्नुपर्छ। आफू पापमा संलग्न नहुन र अनुशासनमा राख्ने दुःखलाग्दो कामबाट वच्न जो पायो त्यसलाई छिट्टै हतारमा एल्डर, पास्टर, डिकनमा अभिषेक गर्नुहुँदैन। पापमा फस्यो भने बेइज्जत हुन्छ। तिमोथीले आफ्नो जीवन आफैं पनि एकदम होसियारीपूर्वक आफ्नो जीवन जिउनुपर्छ। बानी व्यहोरा एल्डर, पास्टर, डिकनले ठिक राख्नुपर्छ। यहाँ पावलले तिमोथीलाई विशेष भन्न चाहेको कुराचाहिँ अरूलाई हतारहतार, जाँच बुझ नगरी एल्डरमा अभिषेक गर्नुहुँदैन भनेको हो । अपरिपक्व अगुवाहरूलाई अभिषेक गरिदिँदा नचाहिँदो दोष खप्नुपर्ने हुन्छ। पावलले ३ अध्यायमा नै एल्डर र डिकन हुनेहरूको गुणहरू वा योग्यताहरू उल्लेख गरेका छन् । त्यही योग्यता भएका मानिसहरूलाई मात्र एल्डर वा डिकनमा अभिषेक गर्नुपर्छ। होइन भने अभिषेक पाएको व्यक्ति आफैं परीक्षामा फस्ने छ र बदनाम हुनेछ। आफैं ठिक छैन भने कसरी अरूलाई अनुशासनमा राख्ने ? कसरी अरूको पापबारे सल्लाह दिने ?

जे होस् हामीहरू आफैंचाहिँ पापबाट अलग बस्नुपर्छ । आफ्नो जीवन व्यवहार ठिक राख्नुपर्छ।

**६) बिरामीले औषधी खानुपर्छ। (पद २३)**
**A sick has to take medicine. (v.23)**

**पद** २३ः यहाँ पावलले कुराकानीको बीचमा एउटा सन्दर्भ नमिल्ने कुरा लेखेको छ, त्यो हो दुख्दा, बिरामी हुँदा अलि अलि दाख मद्य पिउने सल्लाह । दाखमद्यले नमातियो, पवित्र आत्माले भरपुर होऔं भन्ने कुरा तिमोथी अवश्य पालन गरेको हुनुपर्छ। तिमोथी दाखमद्य कति पनि नपिउने मानिस थिए। तिमोथी एक शरीरमा कमजोर, पेट दुखिरहने र बिरामी भैरहने व्यक्ति रहेछ भन्ने कुरा यो पदबाट बुझिन्छ । त्यतिबेला अहिले जस्तो विभिन्न खालको औषधीहरू थिएन । त्यसकारण रोगका लागि औषधीको रूपमा दाखमद्य पिउन सल्लाह दिएका छन् । तर आज पेट दुखेको, ज्वरो आएको, टाउको दुखेको अथवा किसिम किसिमको

रोग बिमारका लागि आज भने जस्तो औषधी बनेको छ; पसलमा किन्न पाइन्छ। आज दाखमद्य पिइराख्नु पर्दैन।

आजभोलिका रक्सी पिउने, जाँड पिउने बानी भएकाहरूलाई यो पद लिन मिल्दैन। धेरै जँड्याहरूले यही पदमात्र भन्ने गर्छन्। के त आज जँड्याहरूले पेट दुखेकोले औषधी नपाएर दाखमद्य, जाँड-रक्सी पिएको हो ? होइन । तिनीहरू नराम्रो पिउने बानी लागेकोले पिएका हुन् । आज ती जँड्याहरूका लागि कुनै बहाना (Excuse) छैन । रक्सी-जाँड पिउनुहुँदैन, यो राम्रो बानी होइन । यसले मानिसलाई बिरामी बनाउँछ; झगडा गराउँछ, हो-हल्ला बढाउँछ। जाँड-रक्सीले मानिसहरू धेरै मरेका छन्। जाँड-रक्सीले मानिसहरूको कलेजो (Liver), मृगौला (Kidney) बिगार्छ र मानिस कालो भएर, भुँडी फुलेर, पानी जमेर मर्छन् । हाम्रो टोलमा मैले धेरै जाँड-रक्सी पिउनेहरू, जवानहरू नै मरेको देखेको छु । त्यसकारण औषधीको प्रयोगमा मात्र दाखमद्य चलाउनुपर्छ । आजभोलि औषधीमा केही प्रतिशत रक्सी मिसाएको पाइन्छ । औषधी धेरै खानुहुँदैन; डाक्टरले सल्लाह दिएअनुसार अलि-अलि केही समय वा दिनका लागि खानुपर्छ । नत्र भने औषधीले जीवन झन् बिगार्छ । तपाईंलाई कस्तो लाग्छ ? विचार गर्नुस् ।

### ७) **पाप ढिलो वा छिटो प्रकट हुन्छ।** (**पद २४–२५**)
### **Sin will be revealed sooner or later. (v. 24-25)**

**पद २४–२५**: छिट्टै प्रकट हुने र ढिलो प्रकट हुने पापको बारेमा पावल लेख्दछन् । कुनै पाप यति छिटो प्रकट हुन्छ र तुरुन्तै त्यसको इन्साफ पनि हुन्छ। ढिलो र छिटो मात्र हो सबै जना परमेश्वरको न्याय आसनमा बस्नैपर्छ र उहाँले सबै इन्साफ गर्नुहुनेछ। त्यस्तै असल काम पनि कुनै छिट्टै देखिन्छ र इनाम पाउँछ भने अर्को असल काम ढिलो देखिन्छ (Recognize) र ढिलो इनाम पाउँछ तर देख्नचाहिँ देखिहाल्छ। खराब काम या असल काम कुनैकुनै अरूहरूले छिट्टो थाहा गर्छन् र दण्ड अनि इनाम पनि छिट्टै दिइहाल्छ। फेरि कसैको खराब काम वा असल काम अरूले ढिलो पछि थाहा गर्छ र दण्ड अनि इनाम पनि पछि मात्र दिइन्छ। कुनै कुनै काम त व्यक्ति मरेर गइसकेपछि मात्र थाहा गर्छ र सह्राना गर्छन्।

पावलले यहाँ यो कुरा २२ पदसँग जोड्न चाहेको देखिन्छ। पद २३ त एउटा फाल्टो सन्दर्भमा नमिल्ने कुरा पावलले बीचमै एउटा सल्लाह तिमोथीलाई उनको स्वास्थ याद गरेर दिइहाले । तर कुरा त अभिषेकको आइरहेको थियो । एल्डर,

पास्टर, डिकन छान्दा, अभिषेक गर्दा विचार पुऱ्याएर, योग्य व्यक्ति छान्नुपर्छ र अभिषेक गर्नुपर्छ; नत्रभने पापको परीक्षामा फस्छ र बेइज्जत हुन्छ। त्यसको दोष अभिषेक गर्नेलाई पनि आउँछ। कुनै कुनै मानिसको खराब काम बाहिर देखेको हुन्छ भने कुनै कुनैको बाहिर देखेको हुँदैन। फेरि कसैको असल काम देखेको हुन्छ र कसैको लुकिरहेको हुन्छ र देखिँदैन। हामी त जे देख्छौँ त्यही अनुसार न्याय गर्छौं र छान्ने र नछान्ने काम गर्छौं तर अभिषेक काम भैसकेपछि पो खराब काम देखा पर्छ अनि राम्रो जाँचेर नछानेको आरोप, दोष अगुवाहरूमाथि आउँछ। कोही नछानेकाहरूको असल काम र गुण यदि थाहा लाग्छ र "ए उनलाई छान्नुपर्ने र अभिषेक गर्नुपर्ने" भन्ने हुन्छ। खराब वा असल पहिला नै नदेखे पनि पछि दुबैको प्रकाश हुन्छ।

### ८. **दासहरू र मालिकहरूको बारेमा शिक्षा।** (६:१–२)
**Teaching on servants and masters. (v. 6:1-2)**

यहाँ तिमोथीको पत्रमा एकतर्फी सल्लाह (दासहरूलाई मात्र) पावलले दिएका छन्। अर्को ठाउँमा दुबै पक्षलाई (मालिकलाई र दासहरूलाई सल्लाह दिएका छन्।

बाहिरी संसारमा (ख्रीष्टियन संसारबाहिर) साधारणतयाः दास र मालिकको त्यति सम्बन्ध र सङ्गति हुँदैन। दासले मालिकको सेवा गर्नु बाहेक अरू फाल्टो कुरा हुँदैन। दास र मालिक टाढा-टाढा हुन्छ। तर अहिले प्रभु येशूको सुसमाचारले दुबैलाई नजिक ल्याएको छ। एउटै सङ्गतिमा, एउटै परमेश्वरको राज्यमा सुसमाचारले डोऱ्याएको छ। दुबैको एउटै मालिक येशू ख्रीष्ट परमेश्वर पिता भएको छ। दुबैले ख्रीष्ट येशूमा विश्वास गरेकोले मुक्ति पाएका छन्।

पावलले यहाँ दास, नोकर वा आजभोलि कसैको घरमा वा कारखानामा काम गर्ने कामदारलाई सल्लाह दिँदैछन् कि मालिकलाई आदर गर्नुपर्छ; आफ्नो काम राम्रोसँग विश्वासयोग्यतामा गर्नुपर्छ। विश्वासी अथवा ख्रीष्टियन भन्दैमा काम गर्नु नपर्ने, मालिकलाई आदर दिनु नपर्ने, लापरवाहीको जीवन जिए पनि हुने होइन। आफ्नो काम कर्तव्य त प्रभुलाई चिनेको र नचिनेकोसँग सम्बन्ध छैन। तर खासमा त प्रभुलाई चिनेको कारण, विश्वास गरेको कारण झन् राम्रो काम गर्नुपर्छ र मालिकलाई आदर गर्नुपर्छ। विश्वासी भयो भन्दैमा काम थोरै गरे पुग्ने, मालिकलाई वास्ता गर्न नपर्ने होइन। विश्वासी मालिक प्रभुमा दाजुभाइ भए पनि ठाउँअनुसार पद र कामअनुसार आदर दिन सिक्नुपर्छ। बरु झन् बढी आदर दिने,

सेवा गर्ने गर्नुपर्छ। उनीहरूको सेवाबाट लाभ पाउनेहरू अरू विश्वासी र प्रियहरू नै हुन् ।

पावलले एफिसी ६:५-९ सम्ममा दास वा कमारा र मालिकलाई कस्तो व्यवहार गर्नुपर्छ भन्नेबारे सल्लाह दिएका छन् । पावलले कमारालाई भन्दछन्, "ए कमारा हो, आफ्नो सच्चा हृदय डर र कम्पसँग ख्रीष्टलाई जस्तैगरी, शरीर अनुसारका तिम्रा मालिकहरूको आज्ञा पालन गर । आँखाको अगाडि मानिसहरूलाई खुसी पार्नेले झैँ मात्र होइन, तर ख्रीष्टको कमाराले झैँ हृदयदेखि नै परमेश्वरको इच्छा पूरा गर। मानिसहरूका निम्ति होइन, तर प्रभुका निम्ति जस्तै गरी सदिच्छाले सेवा गर्दै, यो जानेर, कि चाहे त्यो कमारा होस्, चाहे त्यो फुक्का होस्, हरेकले जे जस्तो असल काम गर्दछ, सोही त्यसले प्रभुबाट फेरि पाउने छ।"

फेरि पावलले मालिकहरूलाई पनि सल्लाह दिएर लेख्दछन्, "ए मालिक हो, तिनीहरूसँग त्यसरी नै गर र धम्की देखाउन छोड, यो जानेर कि तिनीहरू र तिमीहरूका पनि स्वर्गमा मालिक हुनुहुन्छ र उहाँमा मानिसको पनपक्ष हुँदैन ।" मालिकहरूले पनि आफ्नो कामदारहरूलाई कमाराहरूलाई राम्रो व्यवहार गर्नुपर्छ। आफ्नो अधिकार ठिकसँग प्रयोग गर्नुपर्छ । ख्रीष्टियन मालिकको हैसियतले ख्रीष्टियन व्यवहार देखाउनुपर्छ। मालिकहरूको व्यवहारबाट परमेश्वरको महिमा हुनुपर्छ । अरू अख्रीष्टियन मालिकले जस्तो कामदारहरूलाई, कमाराहरूलाई जस्तै धम्की दिने गर्नुहुँदैन । मालिकहरू आफ्नो कामदारहरूको नमुना हुनुपर्छ, जसरी ख्रीष्ट येशू हाम्रो लागि नमुना हुनुभएको छ। मालिक अनि कामदार, दास, कमारा दुबै पवित्र आत्माको भरपुरीमा व्यवहार गर्नुपर्छ।

यी कुराहरू सिकाउन पावलले आज्ञा दिइरहेका छन्। तिमोथीले मण्डलीमा सदस्यहरूलाई आफ्नो आफ्नो जिम्मेवारी र कर्तव्य गर्न सिकाइरहनुपर्ने कुरा बताउँदछन् ।

हामीहरू पनि जहाँ जे छौँ र काम गरिरहेका छौँ वा गराइराखेका छौँ, आफ्नो ठिक व्यवहार काम, कर्तव्य व्यवहारमा गर्नुपर्छ। के तपाईं मालिक हुनुहुन्छ ? के तपाईं हाकिम हुनुहुन्छ ? कामदारहरूलाई राम्रो व्यवहार गर्नुहोस् र परमेश्वरको जस्तै स्वभाव-गुण देखाउनुस् । त्यस्तै के तपाईं काम गरिरहनुभएको छ ? तपाईं विश्वासयोग्यता साथ परमेश्वरलाई महिमा हुने काम गर्नुपर्छ। तपाईंको जीवनले परमेश्वरको महिमा हुनुपर्छ र मालिकले पनि प्रभु येशूलाई चिन्न सकेको होस् ।

# ४. भुटो शिक्षकहरू बारे जानिराख्नुपर्छ
# We need to learn about cults.

(१ तिमोथी ६:३–१०; **1 Timothy 6:3-10**)

पावलले तिमोथीलाई विभिन्न भुन्डहरू बारे शिक्षा, निर्देशन वा सल्लाह दिँदै आएकोमा अन्तिम भुन्ड भुटो शिक्षकहरूबारे हो । पावलले यहाँ भुटो शिक्षकहरूको स्वभाव, व्यवहार र विचार कस्तो हुन्छन् भन्नेबारे चिन्हहरू दिएका छन् ।

१) **उनीहरूले अरू सिद्धान्त सिकाउँछन्** (**पद ३**)
**They teach different doctrines. (v. 3)**

भुटो शिक्षकहरूले भुटो शिक्षा सिकाउँछन् । उनीहरूले बाइबलभन्दा बाहिरका फाल्टो कुरा धेरै सिकाउँछन् ।

२) **उनीहरूले प्रभु येशू ख्रीष्टको उचित वचन र ईश्वर भक्तिअनुसारको शिक्षासँग सहमत हुँदैन ।** (**पद ४–५**)
**They do not agree on Jesus teaching and piety life. (v. 4-5)**

पावलले यहाँ एउटा विरामीको रोग पत्ता लगाई यिनीहरूको लक्ष्यणहरू यस्तो हुन्छन् भने जस्तै भुटो शिक्षकहरूको लक्ष्यणहरू यस्तो हुन्छन् भनेर बताएका छन् । भुटो शिक्षकहरूले भुटो शिक्षा नै सिकाउँछन् । बाइबलको कुराको उल्टो कुरा सिकाउँछन् । येशू ख्रीष्टको आफ्नै शिक्षालाई समेत तिनीहरू इन्कार गर्छन् । त्यसकारण तिनीहरूको नैतिक जीवन पनि ठिक हुँदैन ।

उनीहरू घमण्डले फुलेको हुन्छ । सिद्धान्तमा भूल गर्नु त कतिपल्ट नजानेर, नबुझेर पनि गर्न सकिन्छ । तर भुटो शिक्षकहरू नजानेर, नबुझेर होइन, उनीहरू त जानेर, बुझेर नै नभएको कुरामा आफ्नो घमण्ड गर्छन् । उनीहरू ठिक छन् भनेर घमण्ड गर्छन् । यस्ताहरूले खासमा बुझेका हुँदैनन् । उनीहरूले केही जानेका हुँदैनन् । ती व्यक्तिहरूले व्यर्थको वाद-विवाद गर्छन् । साधारण जानेको, बुझेको यथार्थलाई पनि शङ्का उपशङ्का गरी विभिन्न प्रश्न गरी झन् अविश्वास गर्छन् र अरूलाई पनि अविश्वासमा डोऱ्याउँछन् । झगडा गर्नलाई निहुँ मात्र खोजेका

हुन्छन् । एक-एक शब्द लिएर झगडा गर्न खोजी हिँड्छन् । झुटो शिक्षकहरू धेरै बहस गर्न चाहन्छन् । सत्य कुरालाई सिधैँ इन्कार गर्छन् । जस्तै येशू ख्रीष्टको पुनरुत्थान; जुन कुरा बाइबलमा सफासँग प्रमाण सहित लेखेका छन्, त्यसलाई येशू ख्रीष्ट मृत्युबाट पुनरुत्थान हुनुभएको होइन भनेर बहस गर्छन् र झगडा गर्न खोज्छन् । येशू ख्रीष्ट आफैंले "म फेरि आउँछु" भन्नुभएको छ; तर उनीहरू यो कुरा पनि इन्कार गर्छन् । अझ उनीहरू आफैं भन्छन् कि बाइबलअनुसार कुरा गरौँ र बाइबलअनुसार हेरौँ । उनीहरू आफैं बाइबलमा कसैले केही कुरा घटाउनुहुँदैन र थप्नुहुँदैन भनेर प्रकाश २२:१८-१९ पल्टाएर देखाउँछन्, जबकि उनीहरू आफैं बाइबलको मुख्य मुख्य कुराहरू क्वाप्प क्वाप्प निल्छन्, बाइबलमा भएको कुरा घटाउँछन् र अरू आफ्नो मनको कुरा धेरै थपेर सिकाउँछन् । त्यसकारण हामीहरू एकदमै होसियार हुनुपर्छ । उनीहरूको बहसले डाह, कलह, बद्नामी र खराब शङ्काहरू मात्र उत्पन्न गराउँदछन् ।

यी झुटो शिक्षकहरूको मन, बुद्धि भ्रष्ट भएका छन्; शैतानद्वारा सत्यबाट अलग गरेका र भएका मानिसहरू यिनीहरू हुन्; र भक्तिचाहिँ लाभको बाटो वा फाइदा उठाउने उपाय हो भनी सम्झने हुन्छन् । लोभ उनीहरूको मुख्य कुरा हो र व्यवहार हो । त्यसकारण पावलले बारबार तिमोथीलाई सल्लाह दिन्छन् कि अगुवा छान्दा पनि पैसाको लोभ होइन भनेका छन् (१ तिमोथी ३:३,८, तितस १:७) । पत्रुसले पनि अगुवाको गुणको बारे "पैसाको लोभ नभएको" भनेका छन् (१ पत्रुस ५:२) झुटो शिक्षकहरूमा अनैतिकता धेरै गाभिएको हुन्छन् । उनीहरूलाई नैतिक जीवनको केही मतलब छैन । उनीहरू लाजशरम केही हुँदैन । उनीहरू सङ्गति गर्न लायकका मानिसहरू होइनन् ।

भक्ति देखाएर फाइदा उठाउने गर्छन् । संसारमा बाहिरी रूपमा आत्मीय र भक्तिपूर्ण देखाएर लोभ लालच गरिरहन्छन् र अरूलाई पनि ठग्ने काम गरिरहेका हुन्छन् । कति नयाँ मानिसहरू मण्डली सङ्गतिमा आउनेहरू पनि त्यस्तो कुरा थाहा गरेर होला, जागिर पाउँछ कि, पैसा पाउँछ कि, विदेश जान पाउँछ कि भन्ने आशामा आउँछन् । यो एकदम भूल विचार र सोचाइ (Wrong motive / wrong thinking) हो । मण्डलीमा यो कुरा सफसँग सिकाउनुपर्छ र सिकाइ रहनुपर्छ ।

## ३. विश्वासीहरू सन्तुष्टिताको जीवन जिउन सिक्नुपर्छ (पद ६–१०)
## Believers need to content. (v. 6-10)

*क) धन्यवादी हुनुपर्छ । (पद ६-८) Be thankful. (v. 6-8)*

पावलले यहाँ भक्तिलाई सन्तुष्टतासँग जोडेर भन्दछन् कि यदि साँचो भक्ति हो भने सन्तुष्ट हुन सिक्नुपर्छ । भूल सोचाइबाट सत्य काममा पावलले डोऱ्याएका छन् ।

पावलले बुझाउन चाहेको कुरा यहाँ यो हो कि भक्तिले पैसाको फाइदा, लाभ दिँदैन । भक्तिले सन्तुष्टि दिन्छ र भक्ति छ भने लोभ लालच गर्दैन, उनले परमेश्वरमा आशा भरोसा राख्छ, खासमा यही नै लाभ र फाइदा हो । विश्वास नभएकाहरू जस्तो लोभ लालचको चिन्तामा ऊ हिँड्नु पर्दैन । मलाई प्रभुले दिनुहुन्छ; मलाई यति भए पुग्छ, सबै आवश्यकता प्रभुले पूरा गरिदिनुहुन्छ भन्ने विश्वास हुन्छ । यसले झुटो शिक्षकहरूबाट ल्याउने लोभ लालचको परीक्षाबाट वचन सकिन्छ । परीक्षामा नपर्नु र विश्वासका स्थिर भइबस्नु नै ठूलो लाभ र फाइदा हो ।

**पद ७–८** किनकि हामीले नता यस संसारमा केही ल्यायौं न यहाँबाट केही लैजान नै सक्छौं । तर खान र लाउनसम्म छ भने त्यसैमा सन्तुष्ट हुनुपर्छ । यथार्थमा सबै मानिसलाई अझ विशेष गरी ख्रीष्टियनहरूलाई एकदम थाहा छ, किनभने वचन प्रचार सुनिरहेको हुन्छन् । हामीलाई थाहा छ कि मानिस नाङ्गै जन्मिन्छ र नाङ्गै फर्किन्छ । कात्रोमा खल्ती हुँदैन । मरेपछि मान्छेले जति नै कमाए पनि आफ्नो साथमा सांसारिक चीजबीज, धनसम्पत्ति केही लान पाउँदैन । त्यसकारण यस संसारमा हुँदा नै परमेश्वरको महिमाको निम्ति खर्च गर्ने र आनन्द मनाउनुपर्छ । धनी हुनु नराम्रो कुरा होइन तर धनलाई हामीले कसरी चलाउँछौं त्यसमा भर पर्छ । यो सम्बन्धि धेरै धनी ख्रीष्टियनहरूले सोचेका छैनन् । तिनीहरूलाई जीवन मरणशील छ भन्ने कुरा स्पष्ट थाहा छ, तर धेरैजसोले सम्झना गरेका छैनन् । खान, लाउन र नानीहरूलाई पढाउन पुग्छ भने त्यसमा सन्तुष्ट हुन सिक्नुपर्छ । पावलको भनाइ यो छ कि ईश्वरभक्त मानिसको स्वभाव सन्तुष्ट हुन्छ । पावल भन्दछन्, "जुनसुकै परिस्थितिमा भएपनि त्यसमा सन्तुष्टि रहन मैले सिकेको छु । कसरी होचिन र कसरी बढ्न म जान्दछु । परिपूर्णतामा होस् वा भोक-प्यासमा होस्, प्रशस्ततामा होस् वा अभावमा होस्, सबै परिस्थितिमा सन्तुष्ट रहने सहस्य मैले सिकेको छु । जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै सब कुरा गर्न सक्छु" (फिलिप्पी ४:११-१३) ।

सन्तुष्टिसहित जिएका मानिसलाई लोभ लालचको परीक्षामा पार्न सकिँदैन । प्रभुप्रति भक्ति छ भने प्रभुको आदरको डर मान्छ र उहाँलाई महिमा नहुने काम कुरा केही पनि गर्दैन । सबै काम कुरा परमेश्वरलाई महिमा हुने मात्र गर्छ । झुटो शिक्षकहरूको अर्को एउटा लक्ष्यण हो असन्तुष्टि । त्यसकारण उनीहरू लोभ गर्छन् ।

तपाईंको विचार सोचाइ पैसाप्रति कस्तो छ ? के तपाईं आज तपाईंको परिस्थितिमा सन्तुष्ट हुनुहुन्छ ? यदि तपाईं सन्तुष्ट हुनुहुन्छ भने तपाईंको परमेश्वर

प्रतिको भक्ति प्रमाणित हुन्छ । यदि तपाईं सन्तुष्टि हुनुभएको छैन भने तपाईंको प्रभुप्रतिको भक्ति साँचो नभएको प्रमाण हुन्छ ।

*ख) धनको लोभ गर्ने मानिस परीक्षामा पर्छ । (पद ९-१०)*

*Greedy man fall into temptation and a trap. (v. 9-10)*


सन्तुष्ट नहुने मानिस लोभी हुन्छ र लोभ गर्ने मानिस परीक्षामा फस्छ । पासोमा फस्छ र धेरै अर्थहीन र दुःखदायी इच्छाहरूमा डुब्छन् र मानिसलाई बरबादी र सर्वनाशमा डुबाउँछ । धनी हुने इच्छा गर्ने मानिस धनी त हुन्छ तर साक्षी, गवाही पनि बिग्रिन्छ । नेपालका कति मानिसहरू धन, शक्तिको मोह र लोभ गर्दा उनीहरूको जीवन, परिवार र सेवकाइ नाश भएका छन् । पैसा त पायो तर आफैं पतन भयो । किनभने रुपैंया पैसाको मोह नै सबै किसिमका खराबीको जड वा जरा हो । पैसाको लोभमा परेर कोही-कोही विश्वासबाट कुमार्गीतिर लागेका छन् र धेरै पिडाले तिनीहरूका हृदय घोचेका छन् । धन खराब होइन, धनी हुनु खराब होइन, तर धनको मोहमा, लोभमा फस्नुचाहिँ खराब र दुष्टता हो । पैसाका लागि मानिसहरू र पास्टरहरू पनि सम्प्रदायहरूमा झुटो शिक्षामा किनबेच हुन्छन् । उनीहरूलाई सिद्धान्तको, शिक्षाको मतलब छैन, पैसा पायो भने जेमा पनि लाग्ने र मण्डलीको साइनबोर्ड रातारात बद्लिहाल्छन् ।


यहाँ पावलले तिमोथीलाई सम्झाउँदै गरेकाहरू, जो पतन भए, तिमोथीले नामद्वारा नै कोही कोही चिनिन्थ्यो होला । पावलले बुझाउन चाहेको कुराचाहिँ पैसाको लोभमा फस्नेहरूले आफ्नो आत्मिकता र आत्मिक फललाई पनि काटेर फालेको हुन्छ । त्यसकारण उनीहरू आफैं धेरै दुःखमा पर्छन् । उनीहरूका हृदय नै छिया-छिया भएको हुन्छ ।


**निष्कर्ष (Conclusion)**


मण्डलीका विभिन्न उमेर र मानिस झुन्ड वा समूहलाई कस्तो व्यवहार गर्ने पावलले तिमोथीलाई निर्देशन दिँदैछन् । जस्तैः १) वृद्ध मानिसहरूसँग व्यवहार २) सानो उमेरहरूसँगको व्यवहार ३) वृद्ध स्त्रीहरूसँगको व्यवहार ४) युवतीहरूसँग कस्तो व्यवहार गर्नुपर्छ ? ५) विधवाहरूसँग कस्तो व्यवहार गर्नुपर्छ ? ६) दास र मालिकहरूको बारेमा ७) झुटो शिक्षाको बारेमा र ८) सन्तुष्टिताको जीवन जिउने बारेमा शिक्षा सिकाउँदैछन् । हामी अब यही शिक्षाअनुसार व्यवहार गर्नुपर्छ र आफैं पनि जिउनुपर्छ ।


# रेभ. डा. मंगलमान महर्जनद्वारा लिखित





## आत्मिक उन्नतिका लागि यी पुस्तकहरू पढ्ने गरौं ।

## थोक तथा खुद्रा बिक्रीको लागि सम्पर्क

**क्वाइनोनिया समाज सेवा पुस्तक पसल**
फोन नं.: ९८४१-३७१९२३

**क्वाइनोनिया पाटन ख्रीष्टिय मण्डली**
पोष्ट बक्स नं. २४१५, काठमाडौं, नेपाल
फोन नं. ०१-५४३३८४२, ५४३३५६४, ई-मेल: patanchurch@gmail.com

**बाइबलीय प्रवचनबारे तपाईंहरूका**
**कुनै प्रतिक्रिया भए हामीलाई लेख्नुहोस् ।**

P.O. Box No. 2415, Kathmandu, Nepal | Tel.: +977-01-5433842, 01-5433564
E-mail: patanchurch@gmail.com

# BOOK POST

पाउने:
To:

क्वाइनोनिया
**KOINONIA**
पो.ब.नं. २४१५, काठमाडौं, नेपाल ।
P.O. Box No. 2415, Kathmandu, Nepal.